(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



माघ २०७८

२४४

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

**२०७८ माघ (Jan-Feb 2022)**

वर्ष २१ अङ्क ४ पूर्णाङ्क २४४ (Year 21 Issue 4 Total issue 244)

संस्थापक संरक्षक : प्रा. राजेन्द्र सुवेदी (हाल दिवङ्गत)
सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेब प्रायोजन | : | https://pustakalaya.org<br>http://bit.ly/sabdankur |
| आवरण फोटो | : | केएल टावर, क्वालालम्पुर, मलेसिया |

| ISSN | : | 2773-7969 |

मूल्य रु. ४५/-

## प्रतिनिधि

प्रकाशचन्द्र निङ्लेकु, अस्ट्रेलिया prakash_ningleku@yahoo.com; लक्ष्मीकृष्ण श्रेष्ठ, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी; अरुणबहादुर खत्री 'नदी' ०१-४३५३५९४, सामाखुसी साहित्य समाज, काठमाडौँ; एकल यात्री ९८४९-७३३६२८, काठमाडौँ; पेशल आचार्य, ९८४४०-४४०८३, मन्थली उच्च माध्यमिक विद्यालय, रामेछाप; उमेशजङ्ग रायमाझी ९८५१०-१०३६७, काठमाडौँ; प्रेम ओझा, कञ्चनजङ्घा एकेडेमी, फिदिम, पाँचथर; ९७४२६०१८२३ र ९८५२६८१०२३, राजेशकुमार अर्याल, धवल पुस्तकालय, तानसेन, पाल्पा, पुष्करराज भट्ट, ९८४९-२२५८८३, जयमालिका कलेज, धनगढी, कैलाली; लोकेश साउद, ९८४८-८४५८९८, दशरथ चन्द नपा, वडा नं. १ शाहीलेक, बैतडी; प्रदीप प्रधान, ९८४७०-२७२९३, ९८०४४३६९०९ पञ्चरत्न फेन्सी स्टोर्स, अमरपथ, बुटवल, रूपन्देही र मोतीबहादुर भुजेल, ९८४६०-२७२१८ र ९८५६-०३०५२५ मुनाल स्टोर्स, चिप्लेढुङ्गा ४ पोखरा, कास्की र दीपक सुवेदी, गौरादह ४, झापा र श्रीराम राई, ९८४३७९२५५८ दोर्पा २, चिउरीडाँडा, सिर्जनाकुञ्ज, खोटाङ, कुमार काफ्ले, सिद्धिचरण पुस्तकालय, यसम, ओखलढुङ्गा माधव अधिकारी, ९८४३५७१८८२, नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ, काजी रोशन, ९८४७-६२१३०९, ०६८-५२०२०४, बागलुङ..

# यस अङ्कभित्र

## कविता/गीत/गजल

फेरि बारुदको गन्ध नाआओस् : राजेश चोच्छे ४; भक्तपुरलाई प्रेमपत्र : ईश्वर थोकर ६; म नेता हुँ : उपेन्द्र भट्टराई ७; दुई कविता : प्रकाश बस्नेत 'गफाडी' ९; मदको प्याला : शम्भुराम जोशी १०; गीत : रवीन्द्र बुढाथोकी ११; गजल : महानन्द ढकाल २५;

## कथा/लघुकथा/नियात्रा/समालोचना/समीक्षा/लकडाउन डायरी

साहिँली मुखिनी : गणेशप्रसाद भट्टराई १२ दुई कौडीको मान्छे; पुण्य कार्की १६; लाहुरे बस्ती : राममणि पोखरेल १७; सेवा : कृष्ण बजगाईं २२; तीन लघुकथा : पेशल आचार्य २३; असली भगवान् : श्यामकृष्ण मास्के २५; नुन : नवराज रिजाल २६; अकल्यान्डमा ... : ज्ञानबहादुर छेत्री २७; सौन्दर्यशास्त्रीय मान्यतामा ... : डा. यज्ञेश्वर निरौला ३१; समीक्षा सुकरातको डायरीको : दीपक श्रेष्ठ ३७; छोटो यात्रा : टिका न्यौपाने ३९ र कोरोना कहरको क्रन्दन : रामदयाल राकेश ४० ।

**पत्रिकाको ठेगाना**
sabdankur@gmail.com/sabdankur58@yahoo.com
काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्र पत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

### विशिष्ट सदस्य

सीता सापकोटा (काठमाडौँ) र इन्दिरा चापागाईं (सङ्खुवासभा)

### आजीवन सदस्यहरू

नर्मदेश्वरी सत्याल (सङ्खुवासभा), प्रा.डा. गोविन्दराज भट्टराई (पाँचथर), भोगेन्द्र लिङ्देन (झापा), धीरकुमार श्रेष्ठ (सप्तरी), गोविन्द घिमिरे (सिन्धुपाल्चोक), राजेशकुमार लिम्बु (तेह्रथुम), समीर शाह दाङ), सुभाषचन्द्र भण्डारी (कैलाली), हरिप्रसाद भण्डारी (गुल्मी), डा. रामप्रसाद ज्ञवाली (गुल्मी), रामदेव पाण्डे (अर्घाखाँची), देवीप्रसाद नेपाल (झापा), विश्वराम सिग्देल (काभ्रेपलाञ्चोक), छविरमण सिलवाल (काभ्रेपलाञ्चोक), प्रा.डा. कुमारप्रसाद कोइराला (ओखलढुङ्गा), नन्दलाल आचार्य (उदयपुर), अनन्त वाग्ले (काभ्रेपलाञ्चोक), लक्ष्मीकृष्ण श्रेष्ठ (धनकुटा), ध्रुव नेपाल (पाल्पा), मुकुन्द पोखरेल (भक्तपुर), नारायणप्रसाद रिमाल (पर्वत), मदनबहादुर पाठक (सर्लाही), अमरकुमार प्रधान (दोलखा), रामविक्रम थापा (खोटाङ), जी.के.एन. खडेरी (ललितपुर), मणिराज सिंह (महोत्तरी), अनिल श्रेष्ठ (तनहुँ), रामकृष्ण दुवाल (काठमाडौँ), इन्द्रकुमार श्रेष्ठ (ओखलढुङ्गा), मोतीबहादुर भुजेल (कास्की), प्रेमराज लुइँटेल (स्याङ्जा), सगुन श्रेष्ठ (दोलखा), डा. तुलसीप्रसाद भट्टराई (ताप्लेजुङ), निरञ्जन रिजाल (धादिङ), अनिलचन्द्रश्रेष्ठ (दोलखा), डिल्लीराम राई (खोटाङ), प्रा.डा. जीवेन्द्रदेव गिरी (सुर्खेत), टेकेन्द्र चेम्जोङ (झापा), हरि गौतम (पाँचथर), अविनाश श्रेष्ठ (आशाम, भारत), केशव भट्टराई (मोरङ), विन्दु दाहाल 'मुकदर्शक' (झापा), विष्णु न्यौपाने (झापा), नरपति पाण्डे (झापा), लेखनाथ न्यौपाने (झापा), दीपक सुवेदी (झापा), टङ्कबहादुर आलेमगर (उदयपुर), मधुर भट्टराई (महोत्तरी), यादव भट्टराई (पाल्पा), घनबहादुर, कुमार काफ्ले (ओखलढुङ्गा), दिव्य गिरी (ललितपुर), सुरेश काफ्ले 'बिदारक' (सुनसरी), निरञ्जन त्रिपाठी (काठमाडौँ), श्रवणकुमार ढुङ्गाना (रूपन्देही), प्रा.डा. कृष्णप्रसाद घिमिरे (अर्घाखाँची), सागर फुयाँल (काठमाडौँ) कृष्ण प्रधान (ललितपुर) ...

# हाम्रो अभिमत

समय गतिशील छ । गतिशील यसको यात्रा कहिल्यै रोकिन्न । कहीँ रोकिन्न । कहिल्यै र कहीँ नरोकिने यो यात्रा कहाँ पुगेर टुङ्गिने हो ? यसको कुनै निश्चित गन्तव्य छैन । जस्तोसुकै परिस्थितिमा पनि यात्रा निरन्तर रहन्छ । नैरन्तर्य यसको मौलिक स्वरूप हो । यसका लागि न कहीँकतै कठिन भन्ने प्रश्न रहन्छ र न कहीँकतै सहज भन्ने प्रश्न रहन्छ । यसका लागि पहाडको उकालीओराली होइन जहाँतहीँ तराईको समथर मैदान रहन्छ । अनवरत रूपमा यात्रारत रहनु यसको विशेषता हो । यसलाई न कहीँकतै थकाइ लाग्छ न त कहिल्यै विश्राम लिनुपर्ने आवश्यकता नै पर्छ । अविराम गतिमा गतिमान् भइरहनु समयको परिचायक हो । यो कसैका लागि असहज र कसैका लागि सहज रूपमा प्रस्तुत हुन्न । जहिल्यै जहाँ पनि एकनास रूपमा देखा पर्नु यसको विशेषता हो । केवल हाम्रा अनुभूति यसका लागि फरक फरक हुन सक्छ । यो आफैमा फरक हुँदैन । हाम्रा आफ्ना परिवेश र परिस्थितिले हामी मानवलाई गाह्रोसाँगुरो वा अप्ठ्यारो अथवा सजिलो भएको हुन सक्छ । यो केवल हामीले गर्ने हाम्रो आफ्नो नितान्त व्यक्तिगत अनुभूति हो । यसो नहुँदो हो त हामी आफै कतै पीडामा बिलखबन्द परिरहेको बेला अर्कातिर उत्सवमय नहुनुपर्ने हो । समयले पीडा र खुसी ल्याउने हो भने कसरी एउटै समय कसैका लागि पीडादायक र ठिक त्यही समय अर्काका लागि खुसीको क्षण हुन सक्छ । यसअतिरिक्त समयले पीडा र खुसी ल्याउँदो हो त सबैका लागि कि त पीडा कि त खुसी एकैपटक सबै ठाउँमा समान रूपले ल्याइदिनुपर्ने हो । यो हुन सकिरहेको छैन । हुन सकिरहेको छैन मात्र होइन, कहिल्यै हुँदा पनि हुँदैन । यसो हुँदो हो त समय आफैले सबैका लागि एकैपटक पीडा अथवा खुसी लिएर आउनुपर्ने हो । यसको सम्भावनाको त के कुरो भयो र ! कल्पनासम्म पनि गर्न सकिन्न ।

समय दृश्यमय छैन । यो अदृष्ट छ । दृष्टिगोचर हुन नसक्ने समयको यस विशेषतालाई हामीले हाम्रा लागि सहज हुने गरी गणना गरेका मात्र हौँ । यसैले यो अगणनीय पनि छ । यसको गणना पूर्णतः सम्भव छँदा पनि छैन । हामीले हाम्रा सुविधाका लागि यसलाई सेकेन्ड, मिनेट, घण्टा, दिन, हप्ता, महिना र वर्षमा बाँडेका मात्र हौँ । हामीले हाम्रा सुविधाका लागि समयलाई विभाजनरेखामा रेखाङ्कित गर्नुभन्दा अगाडि पनि समय थियो र पछि पनि रहने छ । अहिले त यो छँदै छ । यसैले हाम्रो गणनाले समयलाई विभाजन गर्न सक्तैन । रात र दिन, उज्यालो र अँध्यारो त केवल दृश्यमान् हुन् । नाङ्गो आँखाले देख्न सकिने र खुट्याउन सकिने उज्यालो र अँध्यारोमा पनि समय विभाजित होइन र छैन । यो त केवल हामीले उज्यालो नहुँदाको अवस्थालाई रात भनिदियौँ र अन्धकार नहुँदाको अवस्थालाई दिन भनिदियौँ । यसर्थ रात र दिनमा पनि समय विभाजित छैन । अदृश्यमान् समयको धागो कहीँ गएर विच्छेदित हुँदैन र कहीँकतै गाँठो पनि पर्दैन । यसको रूप सग्लो छ । बाधाव्यवधान भन्ने कुरो छैन यससँग । यसैले कसैले छेक्न पनि सक्दैन । रोक्न पनि सक्दैन । जोगाएर राख्न पनि सक्दैन । यसैले यो कसैको अधीनमा पनि छैन । आफै आफ्नो अधीनमा पनि छैन । हुँदो हो त यसले पनि हामीले जस्तै कुनै मुकाममा पुगेर खुइय्य काढ्दो हो अथवा हिप हिप हुर्रे गर्दो हो । यस्ता कुनै पनि क्रियाकलापमा नअल्झी अविराम गतिमा गतिमान् भइरहनु यसको मौलिक पहिचान हो ।

**– प्रधान सम्पादक**

कविता

# फेरि बारुदको गन्ध नाआओस्



राजेश चोच्छे
(धुलिखेल, काभ्रे, हाल : दुबई, युएइ)

ओ प्रिया
हिँड्दाहिँड्दै जीवनको गोरेटोमा
असत्य उकालीओराली गर्दै जाँदा
भुलवश तिम्रो बैँस पनि कतै
ठेस लागेर छताछुल्ल पोखिन सक्छ
त्यसैले आफ्नो यौवनको रक्षा गर
मनमा दृढ अठोट लिएर हिँड
उद्योग रोप परिश्रम सिँच
उत्पादन स्वतः लहलहाउने छ ।
चन्द्र दूर अवश्य छ
अप्राप्य किञ्चित होइन
तर आज मेरो देश
बैसाखीको सहारामा
चन्द्रमाको दौडाहामा निस्केको छ
हामी जनता
धूपदीप नैवेद्य बोकेर
अब्बल हुने कामना गर्दै
ढुङ्गा पुजिरहेछौँ ।
खै किन हो अचेल
पशुपतिमा साँढेहरू
अचाक्ली उग्र्याउन थालेझैँ लाग्छ
बौद्धनाथको स्तुपामा
परेवाहरू नघुरेको धेरै भयो ।
तिमी लड्दा ऐँसेलुको घारीमा
बनमारा निचोरेर लाइदिँदा तिम्रो घाउमा
लज्जावती झारझैँ
तिमी खुम्चिएको त्यो क्षण
अहा ! कदापि भुल्नु नपरोस् ।
कोसी फुटेर
गाउँ सोत्तर पारेका बेला

कर्णाली दुखेको थियो
गण्डक रोएको थियो
सिङ्गो देश शोकाकुल थियो
केवल तिमी थिएनौ
पछि थाहा पाएँ
तिमी त आकाश चिथोरेर
रुँदै रहेछौ
कोसीका ताता बगरले
अझै तिमीलाई सम्झिरहन्छन् ।
साँच्चै प्रिया
भोको पेट र नाङ्गो आङ
औधी कुरूप देखिँदो रहेछ
किन तिमी शिष्टताका कुरा गर्छौ
किन तिमी सभ्यताका कचकच गर्छौ
पहिले गाँस, बास र कपासको जोहो गर
बाँकी त हुँदै गर्छ ।
त्यो पारि बनमा
भुक्के चप्पलमा बजाइएका परेडका डोबहरू
अझै आलै छन्
त्यसैले प्रिया
यो शालिग्रामको देश
मेरो गण्डकीले फेरि रुन नपरोस्
यो गौतम बुद्धको देश
नेपालआमाले फेरि
बुद्ध मरेको
मुचुल्का उठाउन नपरोस्
यो सोझा नेपालीको देश
हाम्रा छोराछोरी
किताब च्यापेर पाठशाला जाँदा
फेरि पनि
ग्रिनेड र सकेटमा ठेस नलागोस्
यो शान्तिको देश
मेरी छोरीको पूजाथालीबाट
फेरि
बारुदको गन्ध नआओस् ।

(rajeshchochchhe@gmail .com)

कविता



# भक्तपुरलाई प्रेमपत्र

ईश्वर थोकर

भूपतिन्द्र मल्ल,
प्लिक्सी, न्यातपोल,
क्याफे न्यातपोल,
सेन्ट जोन्स स्कुल,
लायकु, सुकुलढोका, खँचापुखु,
होमवर्क, रेनकोट, पुलिस,
कम्युनिस्ट पार्टीको घोषणापत्र,
आपा, तेलकासा,
टेली-चलचित्र रामायण-महाभारत,
थाङ्का, यमरी, जुजु धौ,
घिन्ताङघिसी, म्याङ्गो चकलेट,
हाकुपटासी, नवदुर्गा सिनेमाघर,
बिस्केट-जात्रा,
ट्रलीबस,
जादुगर,
बेलुन,
इनार,
नेपाल भाषा,
नेमकिपा,
गुरूआमा अमृत्यश्वरी दैवज्ञ,
चलचित्र 'दुई थोपा आँसु'
र,
'यो दुई थोपा आँसु
मैले मेरै लागि साँचेको
भोलि रून्नलाई
कसैको म आँसु होला कि नहोला ।'
... यी सबै सबै सम्झिरहेछु- यति बेला !

तिमीलाई पनि
सम्झिदिएको छु है
प्रिय !

कविता

# म नेता हुँ



उपेन्द्र भट्टराई

म नेता हुँ,
मलाइ चिन्न एकदम सजिलो छ,
बरु
भिखारीले भिख माग्दा पनि
दुई हात जोड्दैन होला
तर
म जहिल्यै
दुई हात जोडेर,
विनम्र भावमा प्रस्तुत हुन्छु
नसोच्नुहोला
मेरा दुई हातको नमस्कार मुद्रालाई
तपाईंप्रतिको आदर र सम्मान,
यो त मेरो बानी हो, नीति हो
भोट माग्ने,
चोट दिने अनि नोट गन्ने ।
म सबैलाई नमस्कार गर्छु
बच्चादेखि बुढासम्म
र
झ्यालदेखि मुढासम्म
बन्दुकदेखि खुडासम्म
साङ्गदेखि डुँडासम्म,
पागल भन्नुहोला
तर
बानी परिसक्यो
नमस्कार गर्ने,
म
तपाईंलाई चिन्दिनँ
तैपनि नमस्कार गर्छु,
यो मेरो विशेषता हो ।
अस्ति एक दिनको कुरा हो
म

आफ्नो बानीबाट पीडित भएर
आफ्नो घरको गेटलाई पनि
नमस्कार गर्न पुगेछु,
पत्रकारले फोटो खिचिहालेछ,
श्रीमतीले कुरो मिलाई,
यो नछापिदिनुहोला है,
छापे पनि
सकारात्मक सन्देश जाने गरी छाप्नू,
कलम पत्रकारको
अनि कुरा श्रीमतीको,
अखबारको हेडलाइन यस्तो आएछ,
नेताजीको मन कति ठुलो भनेर,
हामी सबैले
नेताजीबाट पाठ सिक्नुपर्छ,
बिचराहरूलाई के थाहा,
मैले त होस नै हराएको छु भनेर,
कुरा मोड्न धेरै सजिलो छ,
झुक्किएर रूख, नदी,ताललाई
नमस्कार गरियो भने
प्रकृति पूजक भन्ने ।
जनावरलाई नमस्कार गर्न पुगे
पशु पूजक भन्ने ।
बुढीले पो सिकाई त
तैपनि,
रूख, बोट, पशु ढोग्ने
हाम्रो संस्कृतिको
एक हिस्सा त हुँदै हो ।
फलामको गेटलाई
नमस्कार गरे होस हराएर मैले
तर
नेताजीको महानता भनेर कुरा मोडियो ।
हा हा हा
नेता त परियो ।

(dipendra.n.me@gmail.com)

गीत

# प्रकाश बस्नेत 'गफाडी'का दुई कविता



(काजि, आलापोट)

## पीडा

जब, गधाहरू
रङ्गमञ्चमा पुग्छन्
अनि
सुरु गर्छन्
अनेक नौटङ्की
र, भद्दा नाटकहरू
तब,
दर्शकदीर्घामा बसेर
सकी नसकी
मन लागी नलागी
निरीह भएर
एक तमासले हेरिरहनुपर्दा
उद्घाटित हुन्छ
मभित्र
मान्छे हुनुको पीडा ।

## अर्को पाटो

न त कसैका ध्यान जान्छन्
न त कसैका दृष्टि पर्छन्
फूल सुकेपछि बोटमा
बढ्दै जान्छन् हेपिने क्रम
लाग्न थाल्छन्
अनास्थाको ओइरो
र, थपक्क खस्छ माटोमा त्यो
अनि
उम्रन थाल्छन् त्यसैबाट
कैयौँ अरू बिरुवाहरू
फेरि फूल भएर फुल्न ।

कविता

# मदको प्याला



शम्भुराम जोशी

ऊ
कान्छीभट्टीमा
मदको प्याला उचाल्दै
आफूले संसार जितेको सोच्न व्यस्त छ
उसका लागि
हिजोका ती विशालकाय पर्वतहरू
आज तुच्छ थुम्का भएका छन्
हिजोका विशालकाय महासागरहरू
बुढीऔंला पनि नडुब्ने
छिपछिपे खहरे भएका छन् ।

नसाको सुरमा ऊ
नाकको पोरा फुलाउँदै
हुङ्कारले अकासिँदै
आफ्नै हातले
सगरमाथा छोइदिन्छु भन्छ
अगस्ति ऋषिले
एकै सासमा समुद्र पिइदिए जस्तै
ऊ पनि
समुद्र रित्याइदिन सक्छु भन्छ ।

यति मात्रै होइन
ऊ
एकै फड्कोमा
विश्वलाई नाघ्न सक्छु भन्छ
उफ्रिएर अकासको जूनलाई
समात्न सक्छु भन्छ
अकासका ताराहरू टिपेर
आफ्नी प्रियसीका लागि
माला बनाइदिन सक्छु भन्छ
किनभने

उसलाई
कान्छीभट्टीको
मदको मात लागेको छ
उसले यथार्थ बिर्सेको छ
इच्छाशक्तिलाई
कार्यशक्तिले जित्नुपर्छ भन्ने बिर्सेको छ
आफूले टेकेको धरातललाई बिर्सेको छ
मति भ्रमित छ
त्यसैले त लरखराइरहेछ बरबराइरहेछ
आफ्नो दुःखद अन्त्यलाई निम्त्याइरहेछ ।

(shambhuramjoshi1964@gmail .com)

गीत

# गीत



रवीन्द्र बुढाथोकी
(रामेछाप)

जून हुँ म, घाम हुँ म, हुँ आशा पनि ।
कोपिला छु, फुल्छु भोलि, सुन्दर फूल बनी ।

उज्यालो या अँध्यारो होस् जिन्दगीको पाटो
लम्किरहन्छु सधैँ सधैँ उद्देश्यको बाटो ।
हुन दिने छैन म मेरा सपना भङ्ग
भर्छु सधैँ आफूभित्र सिर्जनाको रङ्ग ।
सृष्टिको रचना हुँ, सुन्दरताको खानी

कोपिला छु, फुल्छु भोलि, सुन्दर फूल बनी ।
दौडिन नसके घिस्रन्छु आशा लौरो टेकी

डराएर भाग्दिनँ म बाधाअड्चनदेखि ।
समस्या र चुनौती आउँछन् जान्छन् साथी
बुझेर यो जीवन जिए हुन्थ्यो कति जाती ।

अनमोल जीवन यो, अनुपम छ नि
कोपिला छु, फुल्छु भोलि, सुन्दर फूल बनी ।
जून हुँ म, घाम हुँ म, हुँ आशा पनि ।

कोपिला छु, फुल्छु भोलि, सुन्दर फूल बनी ।

(budhathokirabindra0@gmail .com)

# साहिँली मुखिनी



**गणेशप्रसाद भट्टराई**
**(सूर्योदय नगरपालिका ८, कन्याम, इलाम)**

धेरै वर्षपछि सहरबाट गाउँ फर्किंदा मैले एउटा कथा सुनेँ । मैले सुनेको कथा यस्तो थियो :
'साइँला ! तैँले पनि छोरो पढाउन सक्छस् र ? हाम्रो कान्छालाई त महिनामा एक जोर जुत्ता चाहिन्छ । दिनमा पचासको त खाजा नै लाग्छ । किताबकापी किनिदिने हैसियत त छैन तेरो ! कसरी पढाउँछस् ! बरु यसो घुम डोको बुन्न सिका । मेरामा काम गर्न पठाइस् भने पनि म पाँच रुपियाँसम्म रोज दिन्छु । फेरि रिन माग्न आइस् । पोहोर बेसाहा किन्न लगेको रिनको ब्याज तीन कोरी भइसक्यो । अब थप्ने काम मबाट हुँदैन ।'
'हैन बाउन्दाइ ! छोरो राम्रो पढ्दै छ । यसपालि जिल्लामा फस भयो रे ! पढ्छु भन्छ । उसको मन मार्न मन छैन । यसपालिको अलैँची, आलु, कुचो गरेर तिरिहाल्छु नि दाजु ! तपाईंले भनेकै ब्याजमा दिनुहोस् न !'
'खै के तिर्लास् ! खोले खान गारो छ । फेरि पढेर तेरो छोराले पैसाको खोलो बगाउला भन्ने पो के छ र ! हाम्रो कान्छालाई त कति गारो छ ।'
साहिँला बाजे छोरो पढाउन रिन खोज्दै अर्जेल माइलाकहाँ गएका थिए । यी दुईका बिचको यस्तो संवादपछि बाजे निराश हुँदै रित्तो हात फर्के । घरकै छेउको कान्लाको सिल्टिमुरको घाँस झारेर घरमा पुगे ।
'दिए त अर्जेलले पैसा ? अनुहार त खुसी देखिँदनँ । के भने ?' काँधमा बोकेको घाँस भुइँमा राख्न नपाउँदै साहिँली मुखिनी बोलिन् । ठाडे बटुकामा चिसो पानी दिँदै उनी लोग्नेका छेउमा बसिन् । खोरमा बाख्रा कराउँदै थिए । वास्तविक नाम विनायक भए पनि लुते भनिने उनीहरूको छोरो बाख्राको खोर छेउमा घाम ताप्दै थियो ।
'के दिन्थे ! उनकै छोराको बखान गरे ! गरिब हुनु सारै गारो रहेछ बुढी ! यसलाई पढाउन त मन छ नि ! हेड सरले पनि सारै चलाख छ तेरो छोरो, राम्रो स्कुलमा लगेर मेट्रिकसम्म चाहिँ पढा है भन्दै थिए । हाम्रो स्कुलमा आठ किलासपछि छैन । करफोक स्कुल त्यति टाढा छ । डेरा खोजिदिऊँ, पैसा छैन । हिँडेर जान सक्दैन होला ! महिनामा एक जोर जुत्ता चाहिन्छ रे तिनका छोरालाई ! बेसाहा पेल्न नसक्नेले पढाउने सपना नदेख्नू रे । उनकामा काम गर्न पठाउनू रे ! त्यसो भनेर पठाए मलाई त !'
'ए... गरिब भनेर हेपेको तिनले ! म पढाउँछु मेरो छोरोलाई ! लुगा पो फाट्छ, मेरो शरीरको छाला त फाट्दैन नि ! काम गर्न सक्छु म पनि ! म र तपाईं भएर रगतपसिना चुहाएर पढाउनुपर्छ यसलाई ! निरौला ज्योतिषिले राजतिलक लाउँछ भनेका छन् । यसैले पाल्छ हामीलाई !'
मुखिनीको रगत उम्लेर आयो । उनमा गाउँका धनीमानी ठानिएका माइला अर्जेलप्रतिको घृणा स्पष्ट देखिन्थ्यो । बुढीको आँट र भरोसा सुन्दा साहिँला बाजेको अनुहार पनि धुम्मिएको रातमा उदाएको चन्द्रझैँ देखिन्थ्यो ।

बाबुआमाको कुरा सुनिरहेको विनायकले पनि के सम्झ्यो, आफ्ना दुइटै हातको मुट्ठी दरोसँग कस्यो र खोरबाट बाख्रा निकालेर टाट्नातिर धपायो ।

राणाकालमा साइँला बाजेका पुर्खा मुखिया थिए रे । त्यसैले गाउँलेहरू अहिले पनि उनलाई मुखिया र उनकी पत्नीलाई मुखिनी भनेर बोलाउँथे । खानलाउनको असाध्यै दुःख थियो । छ जना सन्तानकी आमा मुखिनी निरक्षर भए पनि हरहिसाबमा अब्बल थिइन् । घरमा खोलेफाँडो, च्याँख्ला मात्र पाक्थ्यो, चामलको भात खान ससुराको श्राद्ध पर्खनुपर्थ्यो तापनि उनीहरूले छोराछोरीलाई भने स्वाभिमान सिकाएका थिए ।

'बा म पढ्दिनँ ।' टाट्नामा बाख्रा बाँधेर फर्केको विनायकले बाका छेउमा आएर भन्यो, 'बरु मलाई घुम, डोको बुन्न सिकाइदिनुहोस् । म काम गर्छु, भाइबहिनीलाई पढाऔँ । म पनि आमासँग सागपात रोप्छु, मेलापात जान्छु । पढेर पो के होला र ! सिप सिके बाँचिएला नि बा !'

'हैन हाम्रा कुरा सुनिस् कि क्या हो ?' साहिँला बाजेले यति भने । विनायकले पुलुक्क बाआम(ातिर हेऱ्यो । बा घाँटीमा भिरेको गम्छा र आमा मजेत्रोको फेरले आँखाका कोस पुछ्दै थिए ।

'आइज् तँ र म साग टिपौँ । आज कान्छा साहु आउँछन् सब्जी किन्न ।' मुखिनीले कुरा मोडिन् र विनायकलाई लिएर मलखाडीमुनि रोपेको साग टिप्न हिँडिन् । बाजेले कन्सिरी थिचेर टाउको समाए । मुखिनीले दिएको पानीको अन्तिम घुट्को लिए र मकैको खोस्टामा कक्कड बेर्न थाले ।

'बाबु ! तैँले जसरी पनि पढ्नुपर्छ ! ती अर्जेलका छोराभन्दा पनि धेरै पढ्नुपर्छ । हामी गरिबले पढ्यौँ भने हाम्रा दिन फिर्छन् रे । अस्ति वडाध्यक्षले भनेको सम्झेको छस् नि, पढेका मान्छेले पैसा सजिलै कमाउँछन् रे ! हाम्रो खेतबारीले खान त पुग्दैन । बाख्रापाठा पाल्नुपर्छ, मेलापात गर्नुपर्छ, तँलाई पढ्न पुगिहाल्छ नि ! म सक्छु नि काम गर्न ! तँलाई भर्ना गर्ने पैसा त पोहोर तेरो मावल जाँदा मामाले टीका लाएर दिनुभा'छ नि ! चिन्ता नगर् है !' साग टिप्दाटिप्दै मुखिनीले विनायकलाई धेरै कुरा पढाइन् । चलाख विनायकले इमानदार विद्यार्थीले झैँ आमाको मर्म, बाध्यता, यथार्थ र अवस्था बुझिहाल्यो ।

'आमा म पनि तपाईंसँग जङ्गलमा निगुरो खोज्न जान्छु ल । बासँग घुम र डोको बुन्न सिक्नुपऱ्यो । शनिबार घुम र डोको बुनेर फिक्कल लगेर बेच्न पाइयो भने मेरो फि तिर्ने पैसा भइहाल्छ । बाले चोया काडिदिइहाल्नुहुन्छ ।'

'हो बाबु ! सक्ने काम सबैले गर्नुपर्छ । यी धनीमानी हाम्रा पसिनाले मोटाएका हुन् । कति कसेर ब्याज लिन्छन् । हेर् तेरा बालाई पनि कति गारो छ । यसपालि नारदको खेत पनि कमाउने कुरा गर्दै हुनुहुन्छ । अब तैँले पढेर भाइबहिनीलाई पनि सिकाउनुपर्छ ।'

आमाका कुरा सुनेर विनायकले बलियो भएको महसुस गऱ्यो । यति बेरमा आमाछोराले बिस मुठा साग टिपिसकेका थिए ।

'दुई कोरी आउँछ है यतिले ?' आमाले विनायकलाई देखाउँदै भन्नुभयो ।

'दुई कोरी भनेको त चालिस रुपियाँ हो आमा ! चालिस भन्नु न, पाँच किलो चामल आउँछ ।'

'चामल होइन बाबु, तँलाई एउटा सर्ट र चप्पल किन्नुपर्छ ।' मुखिनीले मुस्कानसहित सुनाइन् ।

आमाछोरा घरमा आए । बाजे मही पार्दै रहेछन् । विनायककी बहिनी डल्ली भोक लाग्यो भन्दै थिईं । मुखिनीले चुलो बालिन् र खोले ओडालिन् । सबै वरिपरि बसेर कोदाको खोले र इस्कुसको तरकारी खाए अनि एक एक बटुका मही पिए ।

फागुनको १० गते स्कुल खुल्यो । मुखिनीले मुखियासँग भनिन्, 'कति लाग्छ भर्ना गर्न ?'
'हैन यसले फस भएर पुरस्कार पायो रे ! स्कुलमा चेक आउँछ भन्दै हुनुहुन्थ्यो हेड सरले, हिजो फिक्कलमा भेट भा'थ्यो । के हो चेक भन्या ?'
'पैसा होला ! कि किताब हो कि ! इस्कुसका मुन्टा पलाएछन् । म त्यही बेच्न आइतबारे जान्छु । हेड सरलाई पनि सोध्छु र यसको भर्ना गरेर आउँछु । अर्जेलको सेख नझारी भा'छैन । भेडाबाख्रा सम्झने हाम्रा सन्तानलाई !'
'तातै खाऊँ जल्दै मरूँ गर्नुहुन्न । भरअभर तिनै काम लाग्छन् ।' मुखियाले स्वाभाविक जवाफ दिए । मुखिनीले थैली हेरिन्, २५ रुपियाँ त रहेछ ।
'इस्कुसका मुन्टा पनि बेच्छु । हेड सरलाई भेटेर सोध्छु पनि र भर्ना गरेर आउँछु । अलिक दिन गारो हुन्छ अनि यो हिँडेर जान सक्छ । मेरो रगत हो हिम्मत हार्दैन यसले ।' मुखिनीले दरै आँट गरिन् ।
'आमा हाम्रो पेवा डल्ले खुर्सानी बेचेको पैसा पनि छ नि खुत्रुकेमा । बिरामी पर्दा चलाउने भनेको होइन ? त्यो हेरौँ न कति छ ?'
मुखिनीको अचम्मको नियम थियो । उनी बढेका दुई छोराछारीलाई काम गर्न सँगै लान्थिन् अनि जे रोप्दा पनि एकदुई बोटचाहिँ तिमीहरूको पेवा भनेर छुट्याउँथिन् । केटाकेटी आफै मलजल गर्थे । यसपालि बर्खामा दाजुबहिनीले दुई दुई बोट अकबरे खुर्सानी पेवा रोपेका थिए । बाख्राको जुत्तो, मल आफै हाले । दुई किलो फलेको थियो । त्यसबाट आएको २० रुपियाँ उनले बाबुले बनाइदिएको बाँसको खुत्रुकेमा हालिदिएकी थिइन् । अहिले एउटा पाठी दाजुबहिनीलाई पेवा पाल्न दिएकी थिइन् । त्यसलाई घाँस हाल्ने काम दाजुबहिनीले नै गर्थे ।
'पर्दैन । त्यो राखिराख्नुपर्छ ।'
मुखिनी छोरालाई लिएर स्कुल पुगिन् । भर्ना गर्न दश रुपियाँ र मासिक शुल्क नौ रुपियाँ मात्र लाग्ने रहेछ । उनी छोरालाई कक्षा ८ मा भर्ना गरिदिएर फर्किन् । विनायकलाई स्कुलमा देखेर त्यही स्कुलमा पढ्ने अर्जेलको छोराले कर्के आँखाले हेऱ्यो तर केही भनेन । फर्कंदा उनले हेड सरलाई भेटिन् । चेकका बारेमा सोधिन् । विनायकले जिल्लामा प्रथम भएबापत २०० रुपियाँ पुरस्कार पाएछ । शिक्षा कार्यालयले दिएको चेक हेड सरले ल्याउनुभएको रहेछ ।
'विनायकले २०० पुरस्कार पाएको छ । यो चेक बैङ्कमा गएर साट्नुपर्छ । म भोलि साटिदिन्छु । पर्सि बाबुलाई लिएर स्कुलमा आउनू है पैसा लिन ।' हेड सरले स्याबास राम्रो पढ्नू भन्दै यो कुरा सुनाउनुभयो । मुखिनीको अनुहारमा एकैचोटि पूर्णचन्द्रको प्रभा देखियो । बाटामा धेरै मानिस भेटिए । साहिँला मुखियाको छोरो पनि आठ कक्षामा भर्ना भयो भन्ने सुन्दा कतिले पत्याएनन् । कतिले गरिब भए पनि यिनीहरूको बुद्धिचाहिँ मान्नुपर्छ भन्दै प्रशंसा गरे । घरमा पुगेर मुखिनीले सबै कुरा साहिँला बाजेलाई सुनाइन् । बाजेले खुइय्य गरेर लामो सास ताने र के के सोच्न थाले । केही बोलेनन् ।
समय बगि नै रह्यो । विनायक बिहानै उठ्थ्यो । विद्यालय पुग्न झन्डै तीन घण्टा हिँड्नुपर्थ्यो । बाबुले पल्लो गाउँबाट आधा दाममा पुराना किताब किनेर ल्याइदिएका थिए । तिनै पुस्तक केही बेर पढ्थ्यो । मुखिनीले घरमा जे जुट्थ्यो, त्यही बनाइदिन्थिन् । कहिले पिँडालु र इस्कुस उसिनेर, कहिले मकै भुटेर, कहिले च्याँख्ला र माड हालेको गुन्द्रुक खाएर विनायक स्कुल जान्थ्यो । उसको ध्यान पढाइमा थियो । थकान, मनोरञ्जन र गफ उसले कहिल्यै

सोच्न भ्याएन । टुकी बालेर रातीसम्म पढिरहन्थ्यो । मुखिनीले सुत्न कर गर्दा पनि ऊ गृहकार्य गर्नमा व्यस्त रहन्थ्यो । आमा तातो पानी, चिया आदि दिन्थिन् र टाउको मुसारेर मातृवात्सल्य दर्साउँथिन् । अरू केटाकेटीलाई फकाएर सुताउनु पनि उनको दैनिकी नै थियो ।

'ए नानी ! यहाँ के लेखेको छ । चित्रमा यो सानी केटी डोरी बाट्दै छ । के लेखेको छ यहाँ ?' बजारबाट मसला पोको पारेर ल्याएको कागज देखाउँदै मुखिनीले विनायकसँग सोधिन् । उसले पढ्यो र भन्यो, 'यो केटीलाई सौतेनी आमाले हेपिछन् । स्कुल जान दिइनछिन् अनि ऊ अर्काको घरमा काम गर्न बसेर पढ्न थालिछ । यसले दाम्ला बाट्न सिकिछ । यसबापत घरधनीले पढ्न पठाइदिएछन् आमा !'

'ओहो ! पढ्न कति गारो रहेछ है ! हामीले त पढ्न पाएनौ !'

आमाको चिन्ता देखेर विनायकले भन्यो, 'आमालाई म सिकाउँछु नि ! पढ्ने हो ? म आवाज निकालेर पढ्छु । तपाईं सुन्नू आजदेखि ! हुन्छ ?' विनायकले ठट्टाको भावमा भन्यो । आमाले केही भनिनन् ।

विनायक पढिरहन्थ्यो । उसले बुबासँग डोकोघुम बुन्न र दाम्लानाम्ला बाट्न सिक्यो । बारी जोत्न र दाउरा काट्न सिक्यो । बिदा र फुर्सदका समयमा ती परिवारका आयआर्जनका माध्यम बने ।

'आमा, आज नाम लेख्न सिक्ने है ?' विनायकले पेन्सिल आमाको हातमा राखिदियो र हात समाएर कापीमा लेख्न लगायो ।

'बुढेसकालमा म तेरो शिष्य बन्छु होला !' आमाले हाँस्दै लेख्ने कोसिस गर्नुभयो ।

विनायकले हात समाएर आमाको नाम लेखिदिँदै भन्यो, 'यी आमाको नाम यसरी लेख्नुपर्छ । यी योचाहिँ आमा लेखेको हो ।'

मुखिनीले आफूले कोरेको अक्षर हेरिन्, अर्जेलका वचन सम्झिन्, लोग्नेको फाटेको कमिज हेरिन्, आफ्ना फुटेका खुट्टा हेरिन् र अक्षर हेरेर मुस्काइन् । आज शनिबार थियो । विन( ायकले नुहाउने, लुगा धुने काम ग¥यो । मुखिनीले दिउँसो विनायकलाई नदेखाई आफ्नो नाम पुनः लेख्ने कोसिस गरिन् । आमा शब्दलाई राम्ररी नियालेर हेरिन् र आफ्नी आमा सम्झँदै त्यो शब्द लेख्ने प्रयास गरिन् । बिहान लेखेजस्तो त भएन तैपनि उनलाई खुसी लाग्यो । विनायक आवाज निकालेर पढ्थ्यो, आमा घरघन्दा गर्दै सुन्थिन् । विनायक लेख्न थाल्थ्यो, आमा कलम बोकेर त्यस्तै लेख्ने प्रयास गर्थिन् । कहिलेकाहीँ साहिँला बाजे रामायण र महाभारतका सिलोक हाल्थे, मुखिनी त्यही दोहो¥याउँथिन् । उनलाई यसरी सिक्दा नौलो लाग्दैनथ्यो, मात्र लाग्थ्यो आफ्नो छोराले राम्रो गरोस् । एक वर्षमा त छोरासँगै सिकेर उनले साउँ अक्षर र मात्रा लागेका अक्षर पढ्न र लेख्न सकेकी थिइन् ।

'आमा ! आमा ! एसएलसीको रिजल्ट आयो ! चिनमणि दाइको त रिजल्ट बिग्रेछ ।' चिन्तामणि अर्जेलको छोरो थियो ।

यो सुन्नासाथ मुखिनीले भनिन्, 'ल्या, तिनका जुत्ताले पनि काम गरेनछ । तिनका जुत्ताभन्दा मेरा छोराका चप्पल बलिया छन् । अर्को साल छोराले राम्रो रिजल्ट ल्याउँछ है !' फेरि मुखिनीको अनुहारमा चमक देखियो । आज उनले साँझ पर्नुअघि नै घरधन्दा सकिन् र साँझ बत्ती बालेर एक दिन नारद सत्यलोक ... भट्याउन थालिन् ।

अर्को वर्ष पनि एसएलसीको रिजल्ट आयो । विनायकले प्रथम श्रेणीमा पास गरेछ । जिल्लाभरमा

उसले मात्र प्रथम श्रेणीमा पास गरेको खबर हावाझैँ फैलियो । आज मुखिनीले घ्याम्पामा जोगाएर राखेको चामलको भात पकाइन् । उनीहरूले घरमा श्राद्ध नपर्दै पहिलोपटक चामलको भात खाए । भात खाएर धेरै बेर गफ गरे । गफकै प्रसङ्गमा मुखिनीले भनिन्, 'छोरा अब तँ र म भएर डल्लीलाई पनि मेट्रिक गराउनुपर्छ है ।'
आज छोराका आँखामा आँसु देखिए । मुखिनी सुन्दरकाण्ड पुरै पढेर मात्र सुतिन् । यसपछि के भयो, मलाई थाहा भएन तर पछि सुनियो मुखिनी गाउँकी वडाध्यक्ष बनिन् रे अनि गाउँमै माध्यमिक विद्यालय खोलेर परलोक भइन् रे ।

लघुकथा

# दुई कौडीको मान्छे



**पुण्य कार्की**

टुकमान र टुकुने ।
टुकमान नेता टुकुने कार्यकर्ता ।
टुकमान अगुवा टुकुने पछुवा ।
सभा सम्मेलन कार्यक्रममा जाँदा टुकमान अघि अघि छाता टेकेर हिँड्छ । उसको पछि पछि झोला बोकेर पछ्याउँछ टुकुने ।
ऊ बेला टुकमान हृदयमा इमानको आगो बोकेर हिँडेको थियो । त्याग र निष्ठाको बाटोमा अविचल उभिएको थियो ।
ऊभित्रको त्यही इमानको आगोले आकर्षित गरेको हो टुकुनेलाई । त्यसको त्याग र निष्( ठाबाट अभिभूत भएर झोला बोकेको हो उसले ।
टुकमानको प्रशंसा गरेर थाक्तैन ऊ । जहाँ जाँदा जोसँग भेट्ता पनि आफ्नो नेताको बखान गाउन छाड्दैन ऊ । आफ्नो अनुचरले प्रशंसाको पुल कसेको देख्ता टुकमान पनि टुकुनेको विषयमा उद्गार पोख्छ, 'टुकुने लाखमा नपाइने हिरा हो हिरा ! टुकुनेजस्ता कार्यकर्ताको मूल्य करोड दुई करोडमा पनि नाप्न सकिन्न ।'

\+ + + +

समय पहिलेको रहेन । टुकमान सडकबाट सदनमा पुग्यो । सदन टेकेर सरकारमा पुग्यो । हिजोको त्यागलाई भजायो । हिजोको इमान, जमान र निष्ठालाई विक्रीबट्टा गऱ्यो । कुरूस्त धन कमायो । महल ठड्यायो । आफ्नो अगुवाले चोरबाटोबाट अभक्ष चिज सेवन गरेको देखेपछि टुकुनेले बोकिआएको झोला फ्याँकिदियो ।
सडकमा भत्सर्ना गर्न थाल्यो, 'यो अगस्ति ! यो हन्तकाले !! यसबाट हाम्रो उद्धार हुन सक्तैन ।' हावामा मुट्ठी उज्याएर विषवमन गर्न थाल्यो ।
आफ्नो हितैषी झोले नै महाविरोधी भएर निस्केको थाहा पाएपछि ऊ पनि विषवमन गर्न थाल्यो, 'टुकुने मान्छे नै होइन, यो दुई कौडीको मुलाङ्खरे !'
सुन्नेहरू छक्क परे । हिजोसम्म उही करोडमा नपाइने हिरातुल्य मान्छे थियो । आज अचानक करोडबाट दुई कौडीको भाउमा झरेको थियो ।

कथा

# लाहुरे बस्ती

रामणि पोखरेल

आफ्नो पुर्ख्यौली थलोबाट सुविधाको खोजीमा अन्यत्र बसाइँ सर्ने प्रयत्न गर्दै थिएँ । कुम्लोकुटुरो बोकेर बसाइँ जाने ठाउँको खोजीमा भौतारिएको थिएँ । तराईको राजमार्ग छेउछाउ जमिन किनेर कुनै गाउँमा बसाइँ जाने हिम्मत थिएन । महँगो जमिन किन्ने क्षमता पनि थिएन । पहाडको ठाउँ थोरै खेत र पाखाबारी बेची टुक्रा टुक्रा बिक्री गरेर गोजीमा हाल्दा पनि गोजी भरिँदैनथ्यो ।

घरबारी बेचेर केही धन गोजीमा या टिनको बाकसमा थन्कयाएको थिएँ । खेत गोजीमा हाल्ने दौडधुप गर्दै थिएँ । केही ग्राहक लागेर मेरा खेतको निरीक्षण गरेका थिए । दामकाम हुँदै थियो । कुरा व्यवस्थित हुन पाएको थिएन ।

घरबारीको रकम गोजीमा हालेर तराई या खोलाघारीलगायत केही ठाउँमा घुमेँ । राजमार्ग उत्तरको गाउँलाई धेरै मानिस तराई या मधेस मान्दैनन्, खोलाघारी भन्छन् । चालिस हातको डोरीले इनारका पानी तानेर पिउनुपर्छ । अर्कोतिर गाईबाख्रा पाल्ने सुविधा छ । चुरे जङ्गल फराकिलो छ, दिनहुँ गाईबाख्रा हेर्न जानुपर्दैन । गोठबाट फुकाएर जङ्गलतर्फ लगाइदिएपछि दिउँसो चरेर अघाएर आफ्नै विवेकले घरगोठ फर्कन्छन् । गाईगोरु र खसीबाख्रा साना बोकापाठामा मात्र गोठालो जानुपर्ने हुन्छ ।

जमिन खोज्दै जाँदा चुरे काखको एउटा बस्तीमा पाइला राख्न पुग्छु । दाउराघाँसको सुविधा घर बनाउन काठको सुविधा, गाईले मदत पनि हुने । बसाइँ जाँदा संस्कृति र सामाजिक पक्ष पनि हेर्ने गरिन्छ । जनकपुर जाने बाटोमा महेन्द्रनगर नजिकै पर्ने चुरे फेदका कुसमाहा र टिकापुर गाउँ आर्कषक देखिँदा रहेछन् । दुवै गाउँबिचमा चुरे शिर बनाएर बगेको एउटा सानो खहरे खोला, पानी डोऱ्याएर खेत र सागसब्जी उब्जाउन सकिने अलि बढी मिहिनेत गर्नुपर्ने । कुसमाहा मिश्रित बस्ती, टिकापुर लाहुरे बस्ती रहेछ । एउटा कढी बुढी उखान छ, जमिन जोड्ने कुरा भोगभाग पनि हुन्छ, संयोग लागो, आज कट्ठा घरघडेरी र केही खेतको जोहो मिल्यो । त्यो जमिनधनी मोरङ जान गोडा उचालेका रहेछन् । सानो गाई बाँध्ने गुवाली र राती घामपानी छल्ने, काठेघर भनौँ कटेरो आकारको फेला पऱ्यो । यो जमिन किन्ने कुरा जटिल पनि हुन्छ । एक पक्षको निर्णय वा भेटघाटले मात्र पछि कुरा मिल्दैन ।

त्यहाँका पुराना गाउँले मेरा चिरपरिचित मित्रको सहयोगले जमिन हातलागि गरेँ । अन्य आफ्नो व्यावहारिक चाँजोपाजो मिलाएर पोकापत्यौरा बोकेर बसाइँ झर्न मात्र बाँकी रह्यो । कुसमाहा गाउँका घरहरू टायल, खपडा र थाकलले छाएका थिए । गाउँपूर्वको टिकापुरचाहिँ लाहुरे बस्ती भनेर चिनिँदो रहेछ । त्यहाँका घरचाहिँ अधिकाङ्शतः कर्कटपाता या टिनले छाएका थिए । सबैका एकै खाले घर थिए, चिटिक्क परेका, मिलाएर बनाइएका घरगुवाली । सुँगुरको खोर पनि टिनले छाएका । धेरैजसो घर टाड छापेका तले थिए ।

घरमा सेतै फुलेकी बुढी आमा थिइन् । छोराछोरी काम गर्न सक्ने भएका थिए । विद्यालय जान्थे । घरको काममा सघाउँथे । मजस्ता गरिबका सन्तानको जीवन, गाईबाख्राको पुच्छर,

खेतबारीको माटोसँग नजिक हुनुपर्ने बाध्यता हुँदो रहेछ । यस्तो व्यवहार एक प्रकार हाम्रो पुर्ख्यौली व्यवसाय नै थियो । जागिर खान, साथमा प्रमाणपत्र थिएन, छोराछोरी विद्यालयसम्म मात्र पुगेका थिए । व्यापार गर्न साथमा पुँजी थिएन, भएन । मन बुझाएर खेतको माटोसँग खेल्थे र गाईबाख्राका पुच्छर समातेको थिएँ ।

आफ्नो पुर्ख्यौली थलोको धरती मासेर, नयाँ ठाउँमा जोडेँ । गुनासो थिएन । भोलिका कुरा जेसुकै होस् एउटा दुहुनी भैँसी पालेर दुध त खानै पर्छ भनेर भैँसी किनेँ । नयाँ बस्तीमा घुलमिल हुन आफूले सिकेँ । पारिवारका सदस्यलाई सिकाएँ ।

बसाइँ आएको त्यस्तै तीन महिना बितेको थियो । एक दिन हटिया भर्न जाने काममा टिकापुर (लाहुरे बस्ती) का एक जना बासिन्दा चन्द्रमानसँग भेट भयो र परिचय भयो । ती दाइ बडा रमाइला रसिला रहेछन् । बाटामा लामै बातचित भयो । दाजुभाइको सहज नाता लगायौँ । जनमत सङ्ग्रह भरखर समाप्त भएको थियो । मलाई त जनमत सङ्ग्रह भन्ने कुरा चाखको विषय नै थिएन । उमेर पुगेकाले एउटा भोट बहुदललाई खसालेको थिएँ । बुझेको केही थिइनँ । जुन व्यवस्था देशमा लागु भए पनि मन बुझाउने कोलको गोरूजस्तै भएर जोतिने, ठुला कुरामा दर्शन छाँटेर पेट नभर्ने, कमाइकाज गर्नपर्ने संसारिक कुरामा जोलिएको थिएँ । आफूले नपढे पनि सन्तानका आँखा उघार्नुलाई कर्तव्य सम्झेको थिएँ । पहाडमा स्कुल नजिकै थियो । यहाँ केही टाढा धाउनुपर्छ । केटाकेटीले धाएका छन् । चित्त बुझाएको छु । समयमा पानी परिदिए हुन्थ्यो भन्ने लाग्छ तर प्रकृतिको नियम त्यस्तो छैन । भगवान् छन् छैनन् थाहा छैन तर प्रकृति छ । यो प्रत्यक्ष देखिन्छ, देखिएको छ । त्यही प्रकृतिको नियमले घाम लाग्छ, गर्मी हुन्छ, पानी पर्छ र हिउँदमा जाडो आउँछ । यसरी नै दिन घुमेका छन् ।

चन्द्रमान दाइसँग परिचय भएको पाँचौँ दिन धाएर उहाँको घर वा टोल पुगेँ । सहरको जस्तै मिलाएर एक प्रकार प्लानिङ गरेजस्तो, योजनाबद्ध तरिकाले घर बनाएका रहेछन् । लगभग १४ घर लाहुरेका रहेछन् । तीन घर मगर, सात घर राई र चार घर तामाङ रहेछन् । १४ घरका मान्छे पेन्सन थाप्दा रहेछन् । कोही भारतीय सरकारसँग, कोही बेलायत सरकारसँग र कोही मलाया सरकारसँग प्राप्त गर्दा रहेछन् ।

चन्द्रमान दाइको घरमा पुगेपछि त्यस गाउँका धेरै व्यक्ति भेट्न र बातचित गर्न भेला भए । चिनापरिचय भयो । म त तपाईंको गाउँमा हालसालै पहाडको दुर्गम गाउँबाट बसाइँ आएको भनी परिचय दिएँ । जबाफ पाएँ, 'भाइ तिमीभन्दा अझ दुर्गम पहाडबाट यहाँ घोप्टोनेप्टो भएर बसाइँ आएर बस्न थालेका हौँ ।'

टिकापुर र कुसमाहा गाउँमा हिउँदवर्षा सूर्यको किरण पहिला नै छरिन्थे । वातावरण रमाइलो देखिन्थ्यो । बोटबिरूवाले समयमै चिउला फेर्थे । भित्र मनका कुरा सल्बलाउँथे, ढिलै भए पनि बसाइँ राम्रै स्थानमा आइएछ । छिमेकी बस्तीमा दिन बिताएर जान थालेँ । त्यस गाउँका सफा र सुन्दर आँगनमा लगाइएका फूलका बिरूवाले गहिरो प्रभाव पाऱ्यो । धेरै प्रकारका फूलका बिरूवा रोपिएका थिए । उत्तरको खोल्सीबाट पाइपमा पानी ल्याइएको रहेछ । नियमित धारो आइरहने, गाउँको माझमा धारो जोडेको रहेछ । घरमा प्रयोग गर्ने पानी गाग्रीमा भरेपछि सानु पाइप लगाएर आफ्ना आफना बारीमा पालो गरेर आवश्यकताअनुसार लगिँदो रहेछ । धेरै कुरा व्यवस्थित तरिकाले बनाइएको रहेछ ।

दोस्रो विश्वयुद्धमा सहभागी भएर आएका दुई जना लाहुरे त्यस गाउँमा हुनुहुँदो रहेछ । एक

जना भक्तमान राई र अर्को जना माथवर सिंह पुन । अरू मलाया, भारत र ब्रुनाईमा काम गरेर फर्केका रहेछन् । समग्रमा उनीहरू सबैलाई गोर्खाली लाहुरे भनिँदो रहेछ ।
बातचितकै क्रममा चन्द्रमान दाइले भने, 'हेर भाइ, नेपाली जनताको सोचाइ पुरानो सामन्ती खालको छ, सबैले मिलेर बहुदल पक्षलाई भोट दिनुपर्थ्यो । यो निर्दलभन्दा बहुदल धेरै राम्रो र फराकिलो व्यवस्था हो । त्यहाँ जनताको इज्जत हुन्छ । बहुदलमा जनताले बोल्न र लेख्न पाउँछन् तर जनताले निर्दलीय व्यवस्था ल्याएर गल्ती गरे । राजालाई त सम्मानका लागि बेलायतले राखेजस्तै राख्ने हो, राष्ट्रप्रमुख बनाएर ।
उनका कुरा सुनेपछि यी व्यक्ति प्रजातन्त्रवादी र उदार दिलका रहेछन् भन्ने लाग्यो । अहिले पनि त्यस गाउँका १४ घरधुरीबाट नौ जना गोर्खाली सेनामा भारत, मलाया, ब्रुनाई र बेलायतमा रहेछन् । चार घरका पुरुषले उतै ज्यान गुमाएका रहेछन् । तिनका विधुवी महिलाहरू आफ्ना बालबच्चा पालेर बसेका रहेछन् । उनीहरूमध्ये दुई जनाका छोरा ब्रुनाई र बेलायतमा रहेछन् । अहिले पनि । एक प्रकारले खानदानी प्रभाव भन्दा हुने ।
बरालिन भने पनि भेटघाट भने पनि म बिहान सबेरै चार गाँस भातका सिता टिपेर त्यै गाउँ जाने गर्थें । चन्द्रमान दाइ नहुँदा बातचित गर्ने अरू व्यक्तिसँग पनि सम्बन्ध जोडिएको थियो । सास गन्हाएर एक्लै घोत्लिएर बस्नु पर्दैनथ्यो । नयाँ नयाँ कुरा गर्ने व्यक्तिसँग परिचय हुँदै थियो ।
त्यस टोलमा बिहान सबेरै उठेर नित्यकर्म सकी दुई डबका भाती जाँड पिउने चलन रहेछ । एक प्रकारले पुर्ख्यौली चलन भन्दा पनि हुने रहेछ ।
एक दिन म धनमाया र फूलसरीको घरमा पुगेँ । खोस्टाको पिरामा बसेकी थिइन् धनमाया । उनको घरमा पुगेर बोल्ने काममा सजिलो नाता भाउजू भनौँ कि जस्तो लाग्यो तर झट्ट सम्हालिएँ आफै । तिनको पोइको नामनिसाना मलाई थाहा छैन त कसरी उनलाई भाउजूको नाता लाउनु भनेर । दिदीको प्यारो नाता प्रयोग गर्दै आफ्नो परिचय दिएँ । खुसी हुँदै ती दिदीले एउटा काठे कुर्सी दिएर बस्न आग्रह गरिन् । दायाँबायाँ नहेरी थचक्क बसेँ । उनको शरीर नियालेर हेरेँ । खाइलाग्दो सामान्य उचाइकी थिइन् । पोक्चा गाला, पुष्ट र खाइलाग्दो शरीर देखेँ । मुखभरि दाँत थिए । कानमा कुण्डल लगाएकी नाकमा फुली समाएकी थिइन् । हँसिलो पाराले बोल्ने गर्थिन् । प्रथम भेटमै उनले आफ्नो पारिवारिक भाँडभैलो यसरी बताइन् ।
हेर भाइ, म त देहरादुन भन्ने ठाउँमा जन्मिएँ । जन्मेको साल त हेक्का छैन, बाबु उतै गोर्खाली सेनामा काम गर्नुहुन्थ्यो । भारतमा अङ्ग्रेजले राज गर्थ्यो भन्थे । म उतै हुर्किएँ । एक रात एउटा लाहुरे गोरो राम्रो केटो लिएर बाउ आउनुभयो । एक रातमै कुरा मिलाएर विवाह गरिदिए । बाउले भनेको नमानौँ भएन, म बेहुली भएर सिमला गएँ । उतै बस्यौँ चार वर्ष । दुईओटा नानी पाएँ । नानी हुर्काउँदै गर्दा कता कुन ठाउँमा पुगियो थाहै भएन । दुइटा नानी चेपेर पोइको पुर्ख्यौली थलो पहाडको गाउँ गइयो । उसको घरमा सासू, ससुरा, देवर र नन्द थिए । घर पुगेको केही दिनपछि डोको बोकेर घाँसदाउरामा लगियो । कोदोको ढिडो खान सिकियो । दुईओटा नानी हुर्काउनतिर लागियो । ज्ञानगुनका कुरा गर्न देहरादुनमा सिकेको थिएँ, घरको धन्दाले बिर्सिएँ । मलाई त्यै गाउँले समाज र परिवेशले चिन्यो । म यस ठाउँमा आएको तेस्रो वर्ष उतै गोर्खाली सेनामा कार्यरत हुँदा, मेरो पोइ जगमान राई भारतसँग सिमाना जोडिएको अर्को देशसँग भएको सिमा विवादमा भएको भिडन्तमा मारिएको खबर

आयो । मैले रोइकराइ त गरेँ तर के गर्ने गोली लागेर मरेको मान्छे फर्केर आउँदैनथ्यो । चित बुझाएँ । त्यही बेला मेरा ससुरा चित्रशेर राईले भन्दै थिए, आफ्नो देशको सिमाना मिचिएको जङ्गे पिल्लर सारिएको फिर्ता लिन र उही ठाउँमा पिल्लर गाड्न सक्दैनन् । अर्काको देशको धरती रक्षा गर्न जाँदा छोरो गुमाउनुपर्‍यो भन्दै बिलौना गर्थे । छोरा बितेको समाचार आएको वर्ष दिन नपुग्दै मेरा ससुराले पनि धरतीबाट बिदा लिए । त्यसको केही दिनपछि मेरो छोरो, म र मेरा देवरका परिवार यस ठाउँमा टाउको लुकाउन आयौँ । तीन वर्षपछि श्रीमान्को रकम पाउन थालेँ । अहिले मेरा छोरा जवान भएका छन् । अब त ज्यान गए पनि गोर्खाली सेनामा छोरा पठाउँदिनँ भनी कसम खाएकी छु । मेरा छोरा व्यापार र खेती गर्छन् । तिमी कहाँको मान्छे चिनापरिचय गर्दै आयौ । आन्द्राभुडी खोलेर भन्न लगायौ । तिमीले सोधेबमोजिम मैले आफ्नो दुःखसुखका कुरा बताएँ । हाम्रो घरको यति जाड खाऊ भन्दा पनि मानेनौ । लौ जौँ त अब भनेर ती दिदीले मलाई बिदाइ दिइन् । बाटो लागेँ म । त्यही गाउँकी अर्की दिदी रहिछन्, फूलसरी । उनी उमेरले निकै पाकी थिइन् । उनको छोरो पनि हङ्कङमा गोर्खा सेनामा कार्यरत रहेछ । त्यस बेला हङ्कङ बेलायतकै अधीनमा थियो रे । फूलसरी दिदीका श्रीमान् भने दोस्रो विश्वयुद्धकै क्रममा जापानमा मारिएका रहेछन् । हिरोसिमामा अमेरिकाले बम हान्नुभन्दा केही समयअघि त्यही ठाउँको आसपासमा भएको भिडन्तमा ज्यान गुमाएका रहेछन् । प्राप्त पेन्सन र छोराको कमाइले गर्दा होला उनको घरको आर्थिक स्तर राम्रो र सुविधाजनक देखेँ । घरभरि छोरा, छोरी, नाति, नातिना थिए । एउटा दुध खाने गाई । खोरमा बाख्रा र खसी । डरलाग्दा खोरमा सुगुर र बङ्गुरहरू थिए । हेर भाइ, मेरा बुढा बितेको खबर आउँदा म त पहाडमा बाँसको घाँस झार्दै थिएँ । ससुराले छोराको मृत्युको खबर सुने । पिर त पर्‍यो तर म त्यति रोइनँ । जे होला भनेर चित्त बुझाएँ । दुइटा छोरा र दुइटी छोरी थिए काखमा । यही बारी खन्छु भनेर चित्त बुझाएँ । ससुरा बितेपछि गाउँका अरू मान्छे बसाइँ जाने भए । ठुलो वर्षाले खेत बगायो । बारीमा पहिरो गयो । उठिबास भयो । त्यही पिरले मायाको छोरोको सम्पर्कबाट यस ठाउँलाई रोज्यौँ । बसाइँ आयौँ । चित्त बुझाएका छौँ । मर्नेको चिन्ताभन्दा बाँच्नेका बारेमा सोच्नुपर्छ भनेर काम गर्न थाल्यौँ । लोभलालच छैन । जे गर्छु, त्यही खान्छु, छोराले पठाएको पैसाले व्यवहार गरेको छु । बुहारी पनि असल छ । गोरेकी छोरी हो । मिलनसार छ । रिसराग गर्दिन ।

एक हप्ताजति अन्य घरायसी कामले त्यस गाउँमा जाने अनुकूल वातावरण बनेन । तर किन हो छटपटाएर चन्द्रमान राईले खबर पठाए भाइ गाउँ आओस् दुःखसुखका बात मार्नु छ भनेर । खोल्सीवारिपारिका गाउँ थिए दुवै । टोलवासीबिच मिठो र घनिष्ट मित्रता थियो । गाउँमा गरिएका विवाह, ब्रतबन्ध र पूजाआजामा मित्रताको प्रमाणस्वरूप घरलौरी बोलाइन्थ्यो । त्यही संस्कृति र चलनलाई मैले पनि अनुशरण गरेँ । त्यस गाउँका अन्यभन्दा म पछि बसाइँ आएको भए पनि लाहुरे टोलका मान्छेसँग बढी घनिष्टता मेरो थियो । त्यस लाहुरे टोलमा खसी काटियो भने सम्झेर थारै भए पनि मासु पठाइदिन्थे ।

फूलसरी र धनमायाबाहेक दुई घरधुरीका एकल महिला, पञ्चामाया र मनसरी दिदीकी आमासँग पनि परिचय गाँसेको थिएँ । धनसम्पत्ति भए पनि चाँजोपाजो मिलाउन नसकेर ती दुईको घरव्यवहार त्यति व्यवस्थित जस्तो लागेन मलाई । बढी मादक पदार्थको सेवन गर्थे । खितखिताएर हाँस्थे ती दिदीहरू । बाकटे खसी पालेका थिए । टाटनामा बाँधेको खसीलाई

घाँसको कमी थिएन । समय समयमा तिनका बारी र खेतमा उब्जाबाली लगाइँदैनथ्यो । विदेश जाने रहर गरेका रहेछन् छोराले । बाबुको अकाल मृत्यु भएको हुँदा आमाले उनीहरूलाई लाहुरे हुन रोके । यसैले अति बराला भएका हुन् भन्थे गाउँका छिमेकीहरू । जिम्मेवार मानिएका पुरुषहरू घरमा आमा, पत्नी र सन्तानलाई छाडेर जुवातासमा लागेका छन् भन्ने चर्चा थियो । बाउँ पो हतियार चलाउँदा युद्धमा मरे त, छोराहरूको पनि त्यै गति हुन्छ भन्ने त थिएन नि, हाम्रो भाग्यमा दाग लगाइदिइन् भन्ने आरोप थियो छोराको ।
त्यस गाउँमा बसाइँ सरेको लगभग वर्ष दिन नाघेको थियो । दुवै गाउँका मानिससँग घुलमिल भइसकेको थिएँ । सामान्यतः एउटा भनाइ छ, कुनै नयाँ ठाउँमा बसाइँ गइयो भने त्यस ठाउँमा घुलमिल हुन ८/१० वर्ष लग्छ तर मैले त्यति समय पर्खनु परेन, ग्रामीणसँग घुलमिल हुन । वैशाख महिना प्रारम्भ भएको थियो । एक झर पानी गलेर पऱ्यो । वनजङ्गलमा हरियाली छाएको थियो । प्रत्येक बिरुवाले पाउला फेरेका थिए । जङ्गलछेउका बस्तीका गाईबाखा बिहानै फुकाएर पाखातिर धपाइन्थे ।
घरबाटै खाना खाएर गाईगुवालीबाट बाखा फुकाई जङ्गलतर्फ धपाइदिएर ठाडै घर आई चन्द्रमान दाइलाई भेट गर्न गएँ । रमाइलो तरिकाले घाम लागेको थियो । आगनमा पाइला राख्न पुग्दा, भाउजू दलानमा बसेर आलस केलाउँदै थिइन् । यही सालको बाली होला भन्ने लख काटी सोधेँ पनि । सकारात्मक जबाफ पाएँ । दाजु खोइ त भनेर सोधेँ ?
अलि झर्केर जबाफ फर्काइन्, 'गाजा तानेर कोठामा पल्टेका होलान् नि ।'
कोठामा गएर हेरेँ । उनको रूखो र असभ्य बोली सुन्दा सायद यी बुढाबुढीको केही ठ्याकठुक परेछ क्यारे भन्ने लाग्यो । नबोली कोठामा गएँ । चन्द्रमान दाइ दोहोरो सास फेरेर घुर्दै रहेछन् । केही पल पर्खेर बोलाएँ । घच्घचाएँ । राता आँखा पिर्लिक्क पल्टाएर उनी उठे र भने, 'तिमी हो त नि कति खेर आएका ?'
भरखरै हो भनी जबाफ फर्काएँ । उनको मुख ह्वास्स गन्हाएको थियो । उठेर बिछ्याउनामा थचक्क बस्तै भने, 'तिमी त प्राथमिक विद्यालयका शिक्षक पनि हौ । कुनै बेलाको पत्रकार पनि । यसो मेरा मनका कुरा, विगतमा भोगेका घटना र अनुभवलाई कतै छपाइदेऊ न । यस्तै व्यावहारिक कुरो गर्न बोलाएको थिएँ ।' मैले सकारात्मक जबाफ दिन नभ्याइकनै फेरि भने, 'हेर भाइ, दोस्रो विश्वयुद्ध समाप्त हुँदा म १२ वर्षको थिएँ । मेरा बाउँ त्यही विश्वयुद्धको अग्रिम मोर्चामा लडेका थिए । गोर्खा सेना भएर ब्रिटिसको पक्षधर थिएँ । लामो आयुको रहेछु । त्यत्रो भिडन्तमा पनि बाँच्न सफल भएँ । तक्मा पाएँ । भारतबाट ब्रिटिस भागेपछि गोर्खा सेना बेलायत, भारत र नेपालका बिचमा सम्झौता भयो । गोर्खाली सेना विभाजित भयो । केही बिग्रेड भारतमा बसाइयो । केही बेलायत लगे । त्यही बेला घरबिदा लिएर आएका मेरा बुबा पुनः फर्केर गएनन् । बाबुको नाम लिँदै सुरिएर म पनि भारतीय गोर्खा सेनामा गएँ । म भर्ती हुँदा भारत र चीनको सीमायुद्ध हुँदै थियो । मैले जानु परेन । युद्ध थामियो । हाम्रो टोली बेलायतबाट केही दिनका लागि हङ्कङ गयो वा भनौँ पठाइयो । हङ्कङ बेलायतको रहेछ । कुनै समय चीन र बेलायतबिच समय तोकेर सम्झौता भएको रहेछ । बेलायतले हङ्कङ चीनलाई जिम्मा लगाउने समय निकट हुँदै रहेछ । हाम्रो टोलीलाई केही दिन बेलायतमा राखेर सरकारले हङ्कङ पठायो । हामीलाई पुऱ्याइएको हङ्कङको त्यो विकट स्थान ज्यादै रूखो र उराठलाग्दो थियो । त्यहाँ सामान्य पोथ्रापोथ्री मात्र थियो ।

तुम्लेटमा पानी बोकेर ल्याउनुपर्ने । बेलायतले त्यस ठाउँमा शासन गरेको जति समय बितेको भए पनि विकास त्यति राम्रो तरिकाले भएको रहेनछ । हाम्रो बटालियनलाई त्यहीँ पुऱ्याइयो । अर्को बटालियनलाई ब्रुनाई लगियो । कुनै समय सूर्य नअस्ताउने भनेर ख्याति कमाएको बेलायतले विश्वका जनतालाई प्रजातान्त्रिक हकअधिकार र औधोगिक विकासको पाठ सिकाए पनि हाम्रो बटालियनलाई शिक्षाबाट वञ्चित गराइयो । बेलायतको सेनाका लागि हामीले ज्यान हत्केलामा राखेर उसैको भूभाग, हङ्कङ र ब्रुनाईमा उनीहरूकै नियन्त्रणमा खटिएका थियौँ तर विश्वप्रसिद्ध भनिएको अङ्ग्रेजी भाषा हामीलाई सिकाइएन । सिक्ने अनुकूल समय भएन । हामीलाई अँध्यारोमा राखियो । उल्टै, निजी प्रयत्नमा अङ्ग्रेजी सिक्न खोज्नेलाई पनि उपेक्षा गरियो । नजानिँदो तरिकाले मानसिक यातना दिने काम गरियो । मानौँ गोर्खा सैनिकले अङ्ग्रेजी सिक्नु एक प्रकारले आपराधिक कर्मजस्तै हो भन्ने बनाइयो । हेर भाइ, तिमी मभन्दा धेरै कान्छा छौ । मैले तिमीभन्दा चारओटा बढी दौरा फटाएँ । केही हिउँद बिताएँ । हाम्रो बटालियनलाई ब्रुनाई पनि पठाइयो । त्यहाँ पनि निकै पछि परेको स्थानमा लगेर दुई वर्ष राखियो । त्यहाँ पनि हामी उपेक्षित नै रह्यौँ । उमेरमा पढनलेख्न पाइएन । बन्दुक बोकियो । देश घुमियो । ब्रुनाई, हङ्कङ, बेलायत जहाँ बसाइएको भए पनि गोर्खाली सेनालाई शिक्षाबाट वञ्चित गराइयो । यो ७६ वर्षको उमेरमा भोगेका वस्तुगत तथ्यगत घटना तिमीलाई बताएँ । पुस्तकमा लेखाइदेऊ । यो लाहुरे बस्तीका निम्ति तिमी एक जना अक्षर वाचन गर्न र लेख्न जान्ने व्यक्तिले देउताकै रूपमा बसाइँ आयौ । हामी सबै लाहुरेको भोगाइ लेखिदेऊ ।' यति भनेर चन्द्रमान दाइले मलाई बिदा दिए ।

लघुकथा

# सेवा



**कृष्ण बजगाईं**

'मलाई थाहा छ तपाईं किन राजनीति गर्नुहुन्छ भनेर ।' रूपवतीले नेताजीलाई भनी ।
'के थाहा छ ?' नेताले झसङ्ग हुँदै भने ।
'पैसा कमाउन र मोजमस्ती गर्न ।' रूपवतीले भनिन् ।
'कुरा त्यसो होइन । मेरो हृदयमा राजनीति छ । नशा नशामा राजनीति बगेको छ । प्रेम, दया, करुणा आदि बस्नुपर्ने ठाउँमा राजनीतिको शासन छ । मैले जनताको सेवा गर्न राजनीति गरेको हो ।' औँलो ठड्याउँदै नेताले छोटो भाषण ठोके ।
'गत हप्ता भेटेको सहरको नामुद व्यापारीले पनि जनताको सेवाका लागि व्यापार गरेको भन्थे । अस्ति भेटेको प्रहरीको अफिसरले पनि जनताको सेवा गर्न प्रहरीमा भर्ना भएको हुँ भने । हिजो भेटेको मन्दिरका पुजारीले भगवान्को सेवा गरिरहेको बताए । आज तपाईंले पनि जनताको सेवा गर्न राजनीति गरेको भन्नुभयो । यस संसारमा सबैले पैसा कमाउँदै सेवा गर्दा रहेछन् । मैले पनि त सेवा नै गरिरहेको छु । सेवाशुल्क अलिक मिलाएर दिनुहोला ।' यति भन्नासाथ जुरुक्क उठेर रूपवतीले लुगा लगाउन थाली ।

(bajgaikrishna@yahoo .com)

# पेशल आचार्यका तीन लघुकथा



## अर्तीको अन्तर

जिजुहरू ३ बजे उठ्थे । सञ्जे भन्थे । पाञ्चायन पूजा गर्थे । चोखोनितो गर्थे । जाँडरक्सी केही खाँदैनथे । तिनीहरू बाबुलाई अर्ती दिन्थे, 'कुलधर्म नछोड्नू ।'

बाबुहरू ६ बजे उठ्ने भए । प्रातःकालीन हिँडाइ हिँड्ने । स्वःमा रमाएर बाँच्ने । साँचोलाई साँचो र झुटोलाई झुटो भन्ने । तिनीहरू पनि हामी छोरालाई अर्ती दिन्थे, 'बाबु हो । धर्म नष्ट भइरहेको छ । बचाउनू ।'

हामी मौका परे ९ बजे उठ्छौँ । जिजु र बाबुका सबै कुरा छाडिसक्यौँ । आफ्ना नयाँ कुरा पनि समाजमा राख्न सकेनौँ । बाबुबराजुका लाज बचाउन अर्तीको पुरानो पुस्तकबाट झिकेर छोरानातिमा वितरण गर्दै छौँ, 'नानी हो ! असल बन्दा कुल धर्म नछाडेस् । जिजु र बाबुको नाक राखेस् ।'

अर्तीको निरन्तरतालाई कायम राख्न छोराले नातिलाई दिने अर्ती कति फरक हुँदो हो । कति कुलधर्म निभाएका बारेमा रहँदो हो । यो अन्तरका बारेमा अहिल्यै चिन्तित छु ।

## आधुनिक दाइजो

राम खेलावन सुनसरीको लौकहीका किसान हुन् । उनी धनी छन् । हरेक वर्ष तरकारी, फलफूल र अन्न मिलाएर ४/५ लाखको आम्दानी गर्छन् । उनको दश जनाको बृहत् परिवार छ । उनका बाबुआमा, उनी, उनकी श्रीमती र ६ जना उनका सन्तान । उनले उमेरमा पढेनन् । मैथिली भाषामा एउटा उखान छ, 'थोडा पढा हल से बहार, ज्यादा पढा घर से बाहर ।'

तीन जना छोरा र तीनओटी छोरीका पिता हुन् । बाबुबराजुको सबै धर्म, कुल र पितृ थामेका छन् । उनले गाई, भैँसी, बाख्रा र परेवा पालेका छन् । वर्षको एकपटक कहिले आमाबाबु त कहिले पत्नीलाई साथै लिएर तीर्थबर्त गर्छन् । गाउँलेले हेर्दा उनको जीवन सफल देखिन्छ । पहिले लगालग तीनटी छोरी भए उनका । त्यसपछि छोराको चाहना भयो । चौथो सन्तान छोरो भयो । चार सन्तान भएपछि घरवालीले परिवार नियोजन गरौँ नभनेकी होइन तर राम खेलावनले मानेनन् । पछि फेरि दुई छोरा भएरै छाडे । यसरी उनका ६/६ जना सन्तान भएका हुन् । पाँच जनाको बिहेबारी भइसक्यो । कान्छो छोरोको बिहे हुन बाँकी छ । उनी निकै चिन्तित छन् । कान्छोले प्राविधिक लाइन समातेको छ । भनौँ न ऊ इलेक्ट्रिकल इन्जिनियर हो । पोहोर साल उसको बिहेको बात पश्चिम कुशाहामा भयो । जातबिरादरी मिल्ने भएकोले कुरा अघि बढाइयो तर एकाएक दहेजमा आएर कुरो अड्कियो । राम खेलावन कान्छोको दहेजमा आफूले भनेका कुरा नपुर्‍याई कुरो नछिन्ने अडानमा देखिए । उनले मुखै फोरेर भने 'नगद दश लाख, उसके उपर मे कार और २० तोला सुन हैछे त जोगिन्दरके सादी करबै । नत्र नही करबै ।'

हिउँदको दिन । सबै गाउँले गुरुम्म भएर स्कुलनजिकको फलैँचामा बसेका थिए । उनको यो

कुरो सुनेर । गाउँका सबै गाउँले वाल्ल परे । बिन्देसर अलि चड्का स्वभावको थियो । उसले राम खेलावनलाई माझै मुखले भनिहाल्यो, 'हो कका, तपाईंले यति धेर दहेज माग्नुभयो कि यो सुनेर जोकोही छोरीका बाबुको त सातो उडिहाल्छ । फेरि हजुरको इन्जिनियर छोरोसँग सादीबिहे गर्नका लागि आउने कुटुम्ब पनि त उस्तै पढालिखा हुन्छ नि । पढालिखासँग दहेजको कुरा गर्नु अहिलेको जमानामा राम्रो होइन । छोरीलाई पनि पढाउन उसका बाबुको लाखौँ रुपियाँ खरच भएको हुन्छ । यो कुरा बुझिहाल्नुस् ।'

यति कुरा कानमा ठोकिएपछि राम खेलावन एक भन्नु न दुई भन्नु भए । बिन्देसरचाहिँ साइकिल चढेर इनरुवाको सोमबारे हाटतिर लाग्यो ।

उसको आवाज चारैतिर वातावरणमा छरियो । पछाडिबाट कसैले भन्दै थियो, 'वाह बिन्देसर दाइ, तपाई कति स्पष्ट बोल्नुहुन्छ । दजेहका विरुद्धमा यो तपाईंको लडाइँमा हामी पनि साथ छौँ ।'

## गाछी से भला कोही नही

घाममा तर्तरी पसिना निकालेर कारी महतो पटुवा गोडिरहेका छन् । यो वर्ष तराईमा धेरै राम्रो पटुवा हुने लक्षण देखिएको छ ।

उनी हरेक दिन बिहानै सात बजे पटुवा हेर्न आउँछन् । उनको जलखाई नौ बजे त्यही आइपुग्छ । १ बजे मात्र उनी भात खानका लागि घर जान्छन् ।

एवम् रितले उनको दिनचर्या सुरु हुन्छ । साँझको ६ बजे उनी घर पुग्छन् ।

सिरुवा मेलाको परिवेश छ । तराईमा जुडशीतल पर्व मानेपछि धरतीपुत्रहरू सिरुवा मेलामा लाग्छन् । यो मेला खास गरी मोरङ र सुनसरीका गाउँ गाउँमा रहेका सलहेस महाराज र वनदेवीका डिहीबारमा धुमधामसँग लाग्छ ।

रौनक छ मेला जाने र आउनेको । कारी दिनरात पटुवा गोडिरहेका छन् । वरिपरिका खेत बाँझा छन् । उनी मनमनै भन्छन्, 'धरतीलाई पनि जोत्नु, खन्नु चलाउनु र माया गर्नुपर्छ अनि धरती खुसी हुन्छ । मानिस अब अल्छी हुँदै गए । खान मात्र खोजेर हुन्न ।' उनी चुप लागेर पटुवाबारीका घाँस बाहिर फाल्दै पटुवाका बोट गोड्दै छन् । यतिकैमा उनका छिमेकी बिल्टु आइपुग्छन् ।

दुवैमा भलाकुसारी हुन्छ । 'इम्री त आँहाके खूब निमन पटुवा अइछ ।' (यो साल त तपाईंको धेरै राम्रो पटुवा छ ।) बिल्टु सिधा सिधा भन्छन् ।

जबाफमा कारी भन्छन्, 'अप्नार के खेतीके तौरतरिका और मिहिनेतके भरमै ऐठिन पटुवा भैलेई ।' (हाम्रो खेतीको तरिका र मिहिनेतकै भरमा त यस्तो पटुवा भएको नि ।)

बिल्टु फेरि भन्छन्, 'आँहा के हाथमे मल अैछ । आँहा के घरबारीऔ मे निमन निमन गाछी छे । रुखपाइत आँहाके खुब मन परेइछ । ये बानी हम्रो निक लागेचछ् ।'

'गाउँले सब कुछो न कुरा बझेचछ् । खेतबारी अ घरबारीके गहना छेई गाछी । हम सब मिलके हरियाली पार परैत बुझलियने । यह दुनियाँमे गाछी सब बिमारकेइ उपचार हैचछ गाछी से भला केही नही ।' (गाउँले सबै केही कुरा बुझ्दैनन् । खेतबारी र घरबारीका गहना भनेकै गाछी हुन् । हामी सबै मिलेर हाम्रो घरबारी र खेतबारीलाई हरियाली पार्नुपर्छ । रुखले सबै प्रकारको बिमारलाई भगाउँछ । रुखले सबै प्रकारको सुख दिन्छ ।)

कारीको वृक्षदर्शन सुनेर बिल्टुको मनमा पनि पाँचसात सय विभिन्न जातका रुख रोपेर हरियाली पार्ने विचार आयो । फुर्तीसाथ उठेर घरतिर लागे । कारीले उनी गएको एकटक लाएर हेरिरहे ।

लघुकथा

# असली भगवान्

श्यामकृष्ण मास्के

मानिसहरूले भगवान् भनी निर्जीव वस्तुलाई पूजा गरेको र त्यसबाट कुनै उपलब्धि नभएको देखी वास्तवमा भगवान् को हो र कहाँ छ ? भन्ने जिज्ञासाले मलाई साह्रै सताइरहेको थियो । एक दिन भगवान्को खोजीमा म गाडीमा चढी भौंतारिने क्रममा एउटा गाउँमा पुगेँ । गाउँमा मान्छेको भिड देखी के रहेछ भनी म पनि त्यहीँ भिडमा पुगेँ । त्यस गाउँमा एक जना मान्छे बिरामी परेर छट्पटाइरहेका रहेछन् । तत्काल अस्पताल पुऱ्याउन नसके उनको मृत्यु निश्चित थियो । उनलाई बचाउन गाउँमा भगवान् पुकारी पूजा गरिरहेका थिए । बुझ्दा उनको आर्थिक अवस्था कमजोर रहेछ । बिरामीको छट्पटाइ देखेर मलाई लाग्यो, उनलाई झारफुकले बिसेक हुँदैन । अस्पताल लान सुझाएँ । उनका आफन्तले सहमति जनाए । मैले मेरै गाडीमा अस्पताल पुऱ्याई डाक्टरलाई देखाएँ । डाक्टरले बिरामीको तत्काल अपरेसन नगरे मृत्यु हुने जनाए । पछि थाहा भयो, उनको आन्द्रा बटारिएको रहेछ । तत्काल अपरेसन भयो । ज्यान जोगियो ।

बिरामीका आफन्त तथा गाउँलेले मलाई भन्न लागे, 'हजुरले यति सहयोग नगरेको भए यिनको प्राण फर्किने थिएन । तपाईं साक्षात् भगवान् हुनुहुँदो रहेछ ।'

पहिला बिरामीलाई बचाउन जुन भगवान्लाई पूजा गरिरहेका थिए त्यसलाई केराको पातमा राखी दोबाटोमा लगेर मिल्काए । भगवान्लाई पूजा गर्न राखेको माला मलाई लगाइदिए । सबैले हृदयदेखि नमस्कार गरे । यो देखेर मलाई लाग्यो, 'वास्तवमा म नै रहेछु असली भगवान् ।'

(maskeydolakha@gmail .com)

गजल

# गजल

महानन्द ढकाल

बाहुला सुर्केर, छाती देखाएर तर्साउन नखोज ।
छुरी समाई माथि देखाएर तर्साउन नखोज ।

न सगरमाथा झुक्ला, न शिर झुक्ला कहिल्यै
चुल्ठेमुन्द्रे साथी देखाएर तर्साउन नखोज ।

दुर्गा र काली बन्न सक्छन् मेरी छोरीहरू
आफ्ना छोरानाति देखाएर तर्साउन नखोज ।

पत्थर हो यो मुटु चुम्बकले तान्न सक्दैन
यादहरूको ताँती देखाएर तर्साउन नखोज ।

(mahanandadhakal1@gmail .com)

लघुकथा

# नुन



नवराज रिजाल
(स्वाभिमानबस्ती, बारा)

'हामी इमानदार छौँ र त्यो इमानदारीलाई विश्वले उच्च सम्मान गरेको छ । यो कुरामा मलाई अत्यन्तै गर्व छ ।' शकुन्तला मुस्कुराई ।

'पाएको जिम्मेवारी पूरा गरेरै छाड्ने स्वभावले हामी बाँकी विश्वबाट अलग्गिएका हौँ । साहस उत्तिकै बलियो छ । कसैले झुकाउन र दबाउन सक्दैन ।' उर्मिलाले थपी ।

'नेपालीलाई संसारले वीरका रूपमा चिन्छ । यो इतिहासदेखि वर्तमानसम्म गर्वको विषय हो । यस्तो अवसर संसारका सबैले पाउँदैनन् । हामीले पायौँ, धन्य छौँ ।' विनीता मुस्कुराई ।

'पहिले जे भए पनि वर्तमानमा म आफूलाई वीरका सन्तानका रूपमा प्रस्तुत गर्न अलि धक मान्छु । वीरका सन्तान कायर नहुनुपर्ने थियो । तर हामी भयौँ ।' ताराले प्रतिवादको शैलीमा दर्बिलो विचार राखी ।

'ओई तेरो विचारलाई म पनि समर्थन गर्छु । विगतमा जे भए पनि वर्तमानमा हामी कायर बनिरहेकै हौँ । अर्काका निम्ति काम गर्ने कतै वीर हुन्छ ?' कुन्तीको विचार अझ आक्रोशित मुद्रामा कठोरतापूर्वक प्रस्तुत भयो ।

शकुन्तला, उर्मिला र विनीतालाई तारा अनि कुन्तीको मनसाय उपयुक्त लागेन । विगतमा त थियौँ तर वर्तमानमा छैनौँ भन्ने वाक्यांश सबैभन्दा अनुपयुक्त लाग्यो ।

'तिमीहरूका विचार सान्दर्भिक लागेन ।' तीनै जना संयुक्त स्वरमा तारा र कुन्तीतिर फर्किए । पाँचै जना इतिहास मूल विषय लिई स्नातकोत्तर तहमा केन्द्रीय क्याम्पस कीर्तिपुरमा पढिरहेका थिए । त्यति बेला कक्षा खाली थियो । ती चौरमा बसेर घाम ताप्दै अघि पढेका विषयवस्तुबारे छलफल चलाइरहेका थिए ।

तारा र कुन्ती अलिकति मुस्कुराए । तिनीहरूको मनस्थिति शकुन्तला, उर्मिला र विनीताको प्रतिक्रियातिर सोझियो । पाँचै जनाको आँखा एकआपसमा जुध्यो ।

'तिमीहरू अलि बढी बोल्यौ । त्यस्तो त पक्कै होइन ।' उनीहरूले गम्भीर मुद्रामा थपे ।

'देशको सिमाना घट्दै जाँदा समेत चुँ बोल्न नसक्ने हामी साँच्चै भूतपूर्व बहादुर हौँ ।'

'हो नुनको सोझो गरिरहेकै छौँ तर आफ्नो देशको होइन ।' तारा र कुन्ती तिनीहरूतिर फर्किए ।

यसपटक उनीहरूसँग कुनै उत्तर थिएन ।





**धीरकुमार श्रेष्ठबाट लेखिएको नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेलको डिजिटल कपी नि:शुल्क पढ्न चाहनुहुन्छ भने dhires@gmail.com मा इमेल गर्नुहुन अनुरोध गर्दछु ।**

नियात्रा

# अकल्यान्डमा एक रात : बिदा न्युजिल्यान्ड



ज्ञानबहादुर छेत्री

अकल्यान्डमा झरेर लगेज लिनु धेर बेर लागेन । यो डोमेस्टिक एयरपोर्ट हो । भोलि दश बजे साउथ चाइना एयरलाइन्स विमानको टिकट छ । तीन घन्टा अगावै आए पनि बिहान सात बजे अकल्यान्ड इन्टरनेसनल एयरपोर्टमा आइपुग्दा हुन्छ । अहिले दिउँसोको चार मात्र बजेको छ, सिङ्गो रात कहाँ बिताउने ? यहीँ रात कटाएर बिहान इन्टरनेसनल एयरपोर्टमा पुग्ने सोच्दै थिएँ । जिबिएलओ न्युजिल्यान्डका सभापति बालकृष्ण घिमिरेले दुई दिनअघि भनेको कुरा सम्झेँ । उनले भनेका थिए 'अकल्यान्डमा रिसिभ गर्ने, रात बस्ने र भोलिपल्ट एयरपोर्ट पुऱ्याइदिने मान्छे ठिक गरिदिने छु, तपाईंले कुनै चिन्ता गर्नुपर्दैन ।' हिँडने बेलामा बालकृष्णसँग भेट भएन, गोपालले पनि मलाई केही भनेनन् । अब परेन फसाद ! मोबाइल नभएको होइन तर मेरो फोनबाट लाग्दैन । लगेजको ब्याग गुडाउँदै ओहोरदोहोर गरेँ, कसैलाई भनेर बालकृष्णसँग सम्पर्क गर्ने सोचेँ । जता हेऱ्यो सबै मोबाइलमा व्यस्त तैपनि एउटा भलादमीजस्तो लागेर छेउमा उभिएँ । दश मिनट छेउमा उभिँदा पनि त्यस खैरे बुढाले मतिर हेर्दै हेरेन, कुरा गर्नमै व्यस्त देखियो । मलाई लाग्यो, त्यो खैरे उसकी नयाँ प्रेमिकासँग कुरा गरिरहेछ ।

**अकल्यान्डमा आतिथ्य : गणेश राई र मीना राई**

म बाहिर निस्केर कता जाऊँ के गरौँ भनेर यताउति नजर दौडाउँदै थिएँ । देखेँ, एउटा होचो होचो, मङ्गोलियन अनुहारको अधबैँसे मान्छे मलाई नै ताकेर हस्याङफस्याङ गर्दै आउँदै छ । मेरा छेउमा आएर त्यो मान्छे ठिङ्ग उभियो, आफ्नो प्यान्टको गोजीबाट मोबाइल निकालेर हेऱ्यो अनि मलाई देखाउँदै भन्यो, 'तपाईं हो ?'

उसको मोबाइलमा मेरै फोटो थियो । मलाई रिसिभ गर्न खटिएका रहेछन् । मैले बाहिर निस्कन ढिलो गरेछु । बिचरा ! उनी आधा घन्टादेखि मेरो फोटो हेर्दै मिल्ने गोर्खे अनुहार खोज्दै रहेछन् । उनी गणेश राई रहेछन् । विदेशमा आफ्नो मान्छे भेट्दा राम्रो लाग्छ नै, मलाई ढुक्क लाग्यो । गाडी पार्किङ गरेको ठाउँसम्म उनले मेरो ब्याग गुडाउँदै लगे । त्यसपछि उनले बिच सहरबाट मुख्य ठाउँ र भवनहरू देखाउँदै लगभग डेढ घन्टामा उनको घरमा पुऱ्याए । उनको घर एयरपोर्टबाट मात्र २० किमि टाढा रहेछ । गाडीमा बिस मिनिटमा पुगिने दूरी रहेछ । मलाई एक झल्को अकल्यान्ड सहर देखाउने विचारले अर्कै बाटो लिएर आए । गणेशजीले ऐतिहासिक स्थल र सरकारी भवनहरू देखाउँदै गए । ओर्लेर हेर्न नभ्याए पनि गाडीबाटै मोबाइल क्यामेराले फोटाहरू लिने काम गरेँ । धोको पुऱ्याएर हेर्ने मौका परेन । हुन त धित मरुन्जेल हेरौँ भनेर समय कहाँ पो मिल्छ र ! आफ्नै देश, आफ्नै सहरलाई पनि राम्ररी हेरिएको छैन आजसम्म । आफ्नै घरबाट मात्र २० किमि दूरीको कलिया भोमोरा ब्रिज खुलेपछि टाडा टाडादेखि हेर्नेको ताँती लाग्यो किनभने त्यति खेर त्यो नै ब्रह्मपुत्रमाथि बनिएको असमको सबैभन्दा लामो (३.५ किमि) थियो । मलाई भने तीन वर्षपछि मात्र हेर्ने साइत जुऱ्यो ।

गाडीमा जाँदै गर्दा गणेश राईका बारेमा जानकारी लिएँ । उनले आफ्ना बारेमा भन्दै गए, वाणीबद्ध गर्न भ्याए । टाढा विदेशमा, विशेष गरी अर्कै महादेशमा बसोबास गर्ने स्वजातीय भेट हुँदाको अनुभूति सुखद हुन्छ । उनीहरूलाई पनि स्वदेशबाट कोही आयो भने माइती आएको आनन्द हुँदो हो । कतै व्यतिक्रम पनि होला, कसैको तितो अनुभव हुन सक्छ तर मलाई पामिस्टनमा र अकल्यान्डमा गहिरो प्रेमको अनुभव भयो । गणेश राईको पुर्ख्यौली थलो पूर्वी नेपालको धनकुटा पहाड रहेछ । राईले काठमाडौँ, पुल्चोक इन्जिनियरिङ इन्स्टिच्युटबाट डिप्लोमा लिएर सर्वप्रथम धनकुटामा स्वास्थ्यसेवामा काम गरे । त्यसपछि सन् १९९१ देखि उनले सात वर्ष हङ्कङको एउटा ट्रान्सपोर्ट कम्पनीमा काम गरे । सन् १९९७ मा त्यो कम्पनी न्युजिल्यान्डको अकल्यान्ड आउनाले उनी पनि यतै सरुवा भए । यस समयमा उनी बस कम्पनीको इलेक्ट्रिकल विभागमा एउटा सेक्सनका अधिकारीका रूपमा कार्यरत छन् भने उनकी पत्नी मीना राई पनि सोही अफिसमा काम गर्छिन् । राई सन् २००२ मा १० ल्याब्रुक एबे. ब्लकहाउस वे भन्ने सागरको तटीय क्षेत्रमा सुन्दर दुईतले भवन किनेर स्थायी रूपमा बसेका छन् । गणेश र मीना दुवैको उमेर ५८ वर्ष, सन्तानमा एउटा छोरा र एउटी छोरी, दुवैको बिहे भइसकेको सुखी परिवार रहेछ ।

यसो देख्ता ठिकै देखिए पनि मलाई सम्पूर्ण स्वस्थ भन्नु मिल्दैन । अलिकति चिसो कि त धुलो भेटे मलाई नराम्रो तरिकाले हाच्छ्युँ आउन थाल्छ । उसरी नै खानामा तेलमसला यताउति भयो भने पेट दुख्छ र पखाला चल्छ । कतै रात बस्तै जानुपर्दा श्रीमतीबाट यो नखानू त्यो नखानू भन्ने धेरै भाषण सुनेपछि सम्मतिसूचक तथास्तु भनेर मात्र निस्कन्थेँ ।

ठुलो आँट गरेर निस्केको थिएँ, एक्लै । धन्य, अहिलेसम्म केही समस्या भएको छैन । होसियार हुँदाहुँदै पनि पामिस्टनको अत्यधिक माया पेटमा अटाउन र पचाउन हम्मेहम्मे परिरहेको थियो । त्यसैले गाडीमा आउँदै गर्दा गणेशजीलाई 'म त शाकाहारी हुँ' भन्ने सूचना दिएको थिएँ ।

साँझमा गणेशजीका घरमा निकै जना नेपाली मान्छे भेला भए । सबैसँग परिचय साटासाट गरियो । त्यो अनौपचारिक भेलाले औपचारिक सभाको रूप लियो । वास्तवमा, घरपतिले भारतका एक जना अतिथि साहित्यकार आउँदै छन् भन्ने सूचना पहिले नै दिएका रहेछन् । मेरै सम्मानका खातिर यो आयोजन रहेछ भन्ने बुझेँ । सभापतिको आसनमा गणेश राई थिए भने मलाई विशिष्ट अतिथि भनेर परिचय गराइयो । सभाको उद्घाटन भाषणमा स्थानीय विशिष्ट व्यक्ति उद्धव अधिकारीले भन्नुभयो, 'हामीलाई यहाँ कुनै कुराको कमी छैन । अक( ल्यान्डमा नेपालीभाषी लगभग हजार जना छौँ । सबै सम्पन्न छौँ । हाम्रो एउटै समस्या छ, त्यो हो जातीय परिचयको सङ्कट । यही एउटा डरले हामीलाई सधैँ पिरेको छ । हामी भेट हुँदा आपसमा नेपालीमै कुरा गर्छौं तर कहिलेकाहीँ महिना दिनसम्म आफ्नो भाषा बोल्ने मान्छेसँग भेटै हुँदैन । त्यसैले आपसमा भेटघाट हुने र आफ्नो भाषासंस्कृतिलाई बचाएर राख्ने उद्देश्यले धार्मिक अनुष्ठान, जातीय चाडबाड आदि मनाउने गर्छौं । हामीपछिको प्रजन्मले कसरी जातीय परिचय जोगाउला भनेर हामी चिन्तित छौँ ।'

अधिकारीका पछि अरू दुई जनाले वक्तव्य राखे । उनीहरूले पनि त्यही परिचयको सङ्कटको कुरा नै भने । त्यसपछि पाँच जना युवामा चार जनाले नेपालीमा र एक जनाले अङ्ग्रेजीमा स्वरचित कविता वाचन गरे । एउटी कलाकारले त विश्वभावना दर्साउने 'आँगन त एउटै हो' बोलको नेपाली गीत गाएर सबैलाई मक्ख पारिन् ।

अतिथिको बोल्ने पालो आयो । सम्बोधनमा अकल्यान्डवासी नेपालीप्रति हार्दिक आभार प्रकट गरेँ ।

त्यसपछि यसरी छोटो वक्तव्य राखेँ, 'हठात् आइपुगेको एक जना अतिथिलाई तपाईंहरूले जुन आदर, सत्कार र सम्मान दिनुभयो, म अभिभूत भएको छु । कहिल्यै भुल्ने छैन अक( ल्यान्डको अकृत्रिम माया । भारत–नेपालदेखि धेरै टाडा न्युजिल्यान्डको अकल्यान्ड सहरमा नेपाली समाज गठन गरी जातीय भवन निर्माण, चाडपर्व, धार्मिक अनुष्ठानादि आयोजन पालन गरेको जान्न पाउँदा मेरो मन हर्षले रमाएको छ, खुसीले गदगद भएको छ । उसै गरी आज यहाँ कविता पाठ गर्ने युवावर्ग र नेपाली लोकनृत्य प्रदर्शन गर्ने नानीहरूमा जातीय भावना र सांस्कृतिक चेतना देखेर मेरो छाती गर्वले ढक्क फुलेको छ । जातीय परिचय प्रकृतार्थमा, मान्छेको मुटुमा, चेतनामा हुन्छ । जबसम्म व्यक्तिमा जातीय चेतना रहन्छ तबसम्म उसले जातिलाई माया गर्छ र गर्व गर्छ । व्यक्तिमा त्यो चेतना जबसम्म रहन्छ त्यो जातिको भाषा र संस्कृति हराउँदैन, विलुप्त हुँदैन ।

अकल्यान्डवासी मित्रहरू, हेर्नोस् त, तपाईंहरू दक्षिण मेरूकै छेउको पल्लो मुलुकमा बसोबास गरे पनि आफ्नो भाषा र संस्कृतिलाई कसरी समातेर राख्नुभएको छ । यस घडी म न्युजिल्यान्डमा तपाईंहरूसँग संवाद गरिरहेको छु । यसको कारण पनि उही जातीय चेतना हो । पृथ्वीको जुन देशमा बसे पनि नेपाली भाषा र संस्कृतिले हामीलाई जोडेको छ । राष्ट्रको राजनीतिक सेरोफेरोलाई भत्काएर भाषा र संस्कृति कुनै पनि मुलुकमा पुग्न सक्छ । आजको ग्लोबल परिप्रेक्ष्यमा थुप्रै पुराना कुराहरू भत्किन थालेका छन् । नयाँ कुराहरू आएका छन् । हेर्नोस् त कस्तो विडम्बना, जन्मेको देश भुटानले विदेशी भनेर देशबाटै लखेट्यो, पुर्खाको देश नेपालले शरणार्थी भनेर हेला गऱ्यो । कुनै साइनो सम्बन्ध नभएको, भाषा र संस्कृति केही नमिल्ने देश न्युजिल्यान्डले न केवल आश्रय दियो, नागरिकतासहितको सानको जिन्दगी दियो । यस्तो दुःख भोगाइपछि पनि न्युजिल्यान्डमा संस्थापित नेपालीभाषी भुटानीको जन्मभूमि भुटान र पुर्खाको देश नेपालप्रतिको अकृत्रिम प्रेम र श्रद्धाभावना देखेर आश्चर्यचकित भएको छु । त्यस्तै प्रेम यहाँ अकल्यान्डवासी नेपालीमा देखेर मेरो मन हर्षले उचालिएको छ । तपाईंहरूलाई मेरो सलाम छ, शतकोटि प्रणाम ।

हे मेरा प्यारा स्वजन, धेरै लामो म बोल्दिनँ, हृदयको माया व्यक्त गर्न धेरै बोल्नुपर्छ जस्तो लाग्दैन । मलाई खुसी लागेको कुरा के छ भने यति खेर विश्वका चारै दिशाबाट नेपाली भाषामा डायस्पोरा साहित्यको निर्माण हुन थालेको छ । यो हाम्रा लागि शुभ लक्षण हो । डायस्पोरिक जीवन भूमण्डलीकरण प्रौद्योगिकीको देन हो । आजको व्यक्ति कुन मुलुकमा पुग्छ, कहाँ उसको निवास हुन्छ त्यसको निर्क्योल गर्ने धेरै कारक तत्त्वहरू छन् । तपाईंहरूले सानो छँदा निश्चय पनि एक दिन अकल्यान्डमा घर बनाएर बस्छु भनेर सोच्नुभएको थिएन । तपाईंहरूले नेपाली भाषा र साहित्य अनि संस्कृतिलाई विश्वमा फिजाउने महत्त्वपूर्ण काम गर्नुभएको छ । प्रतिकूल परिवेशमा भाषा र साहित्यको सेवा गर्ने तपाईंहरूलाई जति नै सराहना गरे पनि थोर हुन्छ । तपाईंहरूसँगको मेरो आजको भेट ऐतिहासिक बनोस् । यसरी संवाद गर्न पाएर म धन्य भएको छु ।'

सभा सकिएपछि पनि एक घन्टा अनौपचारिक कुरा गरियो । विदेशमा पैसा कमाएर पुर्खाको देशमा पुऱ्याउने कुरा कतिपयले गरे । नयाँ प्रजन्ममा भने फर्किने सम्भावना देखिँदैन । पहिलो पुस्ताका बुढापाकाले चाहे पनि फर्किन नसक्लान् किनकि पुर्खाको देशले नागरिकता दिनु पऱ्यो नि । राई दम्पत्ति अति नै धार्मिक, मिष्टभाषी र अतिथिपरायण रहेछन् ।

छिमेकीहरू गइसकेपछि सोफामा बसेर घरपतिको बैठककोठाका चारैतिर हेरेँ । देवालका सबैतिर देवीदेवताका ठुला ठुला फोटा झुन्ड्याइएका थिए । बैठकबाटै देखिने भित्रको

कोठा पूजाकोठा रहेछ । त्यहाँ पनि फोटा र देवदेवीका सानाठुला मूर्ति । यी राई दम्पतिले जानेसुनेजति सबै देवीदेउतालाई आफ्ना घरमा राखेका छन् जस्तो लाग्यो ।

बिहान पाँच बजी नै म तयार भएको थिएँ । छ बजीसम्म डायरीमा अघिल्ला दिनको कार्यावली नोट गरेँ । आज मेरो न्युजिल्यान्डबाट बिदा हुने दिन । फेरि कुनै दिन यस देशमा आउन नजुर्ला किनभने यति खेर मेरो उमेर त्रिसट्ठी पुगिसकेको छ । मौका जुरे पनि शरीरले नथेग्ला । छ नबज्दै चियानास्ता तयार । राई दम्पत्तिसँगै बसेर खाइयो । बिहानै ०६.३० मा उनीहरू पनि ड्युटीमा जाने । मेरा लागि अर्कै गाडी आइपुग्यो । हिजै गाडीको परिबन्द मिलाइदिएछन् । हिजोको सभामा उद्घाटन वक्तव्य राख्ने उद्धव अधिकारी रहेछन् मलाई एयरपोर्ट पुऱ्याउने व्यक्ति । उद्धव अधिकारीले अस्ट्रेलियाबाट मेकानिकल इन्जिनियरिङमा डिग्री लिएर एउटा निर्माण कम्पनीमा काम गरेर पाँच वर्षअघि सेवानिवृत्त भएका रहेछन् । प्रखर जातीय चेतना भएका अधिकारीले अगुवा भएर समाजसेवामा मनोनिवेश गरेको बुझेँ । गोरो अनुहार, अग्ला र पातला दारका अधिकारीलाई नेपाली भनेर नचिनिने । कुरा गर्दै त्यस्तै बिस मिनटमा एयरपोर्ट पुगियो । अधिकारीजी बिदा भएपछि केही बेर म अल्मलिएँ । आउँदा सोझै इमिग्रेसन, त्यसपछि प्रस्थान गेटतर्फ जानुमा कुनै अप्ठ्यारो भएको थिएन । धेरैओटा काउन्टरका सबैमा लामो क्यु देखेँ । मैले साउथ चाइना एयरलान्सको बोर्डिङ पास लिने र लगेज कुन काउन्टारमा बुझाउने भनेर एउटालाई सोधेँ, उसले मलाई त्यहीँ पुऱ्याइदियो । मेरा कागजात परीक्षा गरेर दुइटा बोर्डिङ पास दिए, एउटा अकल्यान्डदेखि ग्याङजाउ अनि अर्को ग्याङजाउदेखि दिल्लीको । ठुलो ब्याग तौलेर लगेजमा पठाए । त्यसपछिको सुरक्षाजाँच भने धेरै लामो र कढा रहेछ । पासपोर्टलाई मसिनमा स्वाट्ट छिराउँदा छेकाबार खुल्ने रहेछ । अरूले गरेको हेरिरहेको हुनाले मेरा पालो आउँदा त्यसरी नै त्यो खुडकिलो पार गरेँ । त्यसपछि ह्यानब्याग एउटा ट्रेमा अनि कोट, मोबाइल र पर्स अर्को ट्रेमा एक्सरे मसिनका लागि यथास्थानमा राखेर आफ्नो शरीरको जाँच गर्ने सिसाको बक्स जस्तोमा पसेर उभिएँ । स्वाट्ट र झिलिक्क गऱ्यो, बस खतम् । मैले पेटी खोल्न बिर्सेको रहेछु । पल्लो छेउको सुरक्षाकर्मीले पेटी खोल्न लगाएर यसरी ओल्टाइपल्टाइ छामेर हेऱ्यो मानौँ त्यसभित्र के के नै लुकाएर राखेको छ ।

सुरक्षाजाँच सकेर सामान लिएपछि ढुक्क लाग्यो । घडी हेरेँ, नौ बजेछ । अढाइ घन्टा लगातार क्युमा उभिँदा खुट्टा गलेछन् । एक कप चियाको तलतल लागेको थियो तर अझ प्रस्थान गेटसम्म पुग्नु छ । छोरालाई 'म अहिले अकल्यान्ड एयरपोर्टमा सुरक्षाजाँच सकेर बसेको छु, दिल्लीदेखि गुवादाटीको भोलि बिहानको फ्लाइटमा टिकट गरिदिनू' भनेँ ।

दश बजे विमानले गति लियो । 'बिदा न्युजिल्यान्ड' मनमनै भनेँ । साउथ चाइनाको यो विमान झन् ठुलो रहेछ । एक लहरमा ३-४-३ गरी दश जना बस्ने । यसपटक मेरा छेउका सिटमा एक जोडी परे । केटो धम्मरधुस कालो र केटीचाहिँ गोरी । कालेले कसरी यति राम्री डेसडेमिनालाई पट्यायो होला । दुवै जना अनर्गल फत्फताइरहे । कुनै भाषामा बातै मारेका हुन् कि बाझेका हुन् बुझ्न सकिएन । मैले सेपिएन्स निकालेको थिएँ, फेरि ब्यागमा थन्क्याएँ अनि चादरले मुख छोपेर निदाउने प्रयास गरेँ । ट्रली ठेल्दैतान्दै विमान परिचारिका आए । सात घन्टाअघि मीना राईले दिएको नास्ताले छोडिसकेको थियो । कम्पुटरमा विमानले १,८०० किमि तय गरेको, ३,९०० उच्चतामा उडिरहेको देखायो । रोटी, दाल, उसिनेका मकै, फ्रुट-सलाद र बटर थियो । काले र गोरी थाकेर निदाएछन् । तिनीहरू निद्रामा मस्ताराम थिए । परिचारिकाले एकपटक तिनीहरूतिर हेरिन् तर तिनलाई उठाइनन् ।

(chetrygyan@yahoo.in)

समालोचना

# सौन्दर्यशास्त्रीय मान्यतामा जीवनाथ अधिकारीका कविता



डा. यज्ञेश्वर निरौला
(सहप्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस)

**१. परिचय**

कवि जीवनाथ अधिकारी नेपाली साहित्याकाशमा छन्दकविका रूपमा उदाएका प्रतिभा हुन् । यसअघि विभिन्न पत्रपत्रिका तथा मुहारपुस्तिकामार्फत पाठकसमक्ष कविता प्रस्तुत गर्दै आएका कवि अधिकारीको 'जूनभित्रको आगो' छन्द कवितासङ्ग्रह (२०५९), 'मास्कले थिचिएको जिन्दगी' छन्द कवितासङ्ग्रह (२०७७), 'अविदित यात्रा' छन्द कवितासङ्ग्रह (२०७७) प्रकाशित छन् । यी तीनओटै सङ्ग्रहका कवितालाई हेर्दा प्रगतिवादी कित्तामा उभिएका कवि अधिकारीका धेरैजसो कविता देशप्रेम र राष्ट्रियताको विषयगत परिधिमा लेखिएका छन् भने मानवीय संवेदना, मानवता, सामाजिक बेथिति, राजनीतिक विसङ्गति, चाकडी चाप्लुसी तथा भ्रष्टाचारको पराकाष्टा, प्राकृतिक प्रकोपले नेपाली समाजमा निम्त्याएको सङ्कट, मान्छेको मानसिक वैचारिक स्खलन, नैतिकतामाथिको सङ्कट, पूर्वीय आर्यसभ्यताप्रति आस्था, जीवनबोध, आदर्श भावना, खस्कँदो गौरवमय इतिहास, मान्छेमा देखा पर्दै गएको विकृत मनस्थिति आदि पनि कवि अधिकारीका कवितामा देखिएका विषयगत परिधि हुन् । यिनै विषयमा कविले काव्यचेतना भर्दै नेपाली समाज र राजनीतिमा देखिएका विसङ्गत परिस्थितिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । कवि अधिकारीको शैलीगत विशिष्टताका रूपमा रहेको व्यङ्ग्यात्मकता उनका अधिकांश कवितामा व्यक्त भएको छ । प्रस्तुत आलेखमा कवि अधिकारीका कवितामा पाइने काव्यात्मक स्वरूपका यिनै सन्दर्भलाई सौन्दर्यशास्त्रीय मान्यता, क्रान्तिकारी चेतना एवम् प्रगतिवादी भावनाका आधारमा विश्लेषण गरिएको छ ।

**२. देशभक्तिको भावना**

आफू जन्मेहुर्केको ठाउँ, प्रकृति, समाज, भौगोलिक अवस्था आदिको चित्रण, आफ्नो संस्कृति, रीतिरिवाज, चालचलन, रहनसहनलगायतका कुरालाई कवितात्मक प्रस्तुति दिंदै यी विविध विषयप्रति आस्था जगाउनु कवि अधिकारीले प्रस्तुत गरेको देशप्रेमको भावना हो । उनले प्रकृतिका माध्यमबाट प्रस्तुत गरेको देशको महिमागान, माटोप्रतिको अगाध प्रेम, खोलानाला, वनजङ्गल, हावापानी, कोकिलकण्ठ, गाउँबँसीमा किसानले गरेको परिश्रम, त्यसबाट उब्जेको अमूल्य अमृतमय सम्पदा, ऋषिमुनिले विकास गरेको सभ्यता आदिको सुन्दर अभिव्यक्ति देशप्रेमको नमुना हो । कविले उपर्युक्त भावलाई 'मेरो देश, स्वदेशगान, नयाँ वर्ष यसरी आओस्, मेरो सान, नेपाल सुन्दर देश हो, मुटु हुन्छ सधैँ सिङ्गो' आदि कवितामा व्यक्त गरेका छन् । उनले भनेका छन् :

कति वन मुरलीका बाँसजस्तो निगालो
विगत विगत सारा काव्यको यो सँगालो ।
ऋषिमुनिजन रच्थे ज्ञानविज्ञान धारा
झटपट मनबाटै सभ्यता खुल्छ सारा ।। (स्वदेशगान : ७)

म जाऊँ अन्त के खोज्न यो नेपाल ब्रह्माण्ड हो
सुरम्य सम्पदाभित्र यौटा सुन्दर चित्र हो ।।

(नेपाल सुन्दर चित्र हो : १०)

माटाको सुगन्ध, प्रकृतिको सौन्दर्य, प्राचीन आर्य सभ्यताको महिमागान, वनपाखा, खोलानाला आदिको गौरवगाथा मात्र देशभक्तिको भावना होइन । आफ्नो देशको, समाजको, वरपरको वातावरणको बिग्रँदो अवस्थाको चित्रण गर्दै सुधारको अपेक्षा पनि देशभक्ति एवम् राष्ट्रप्रेम नै हो । बिग्रँदै गएको नेपाली समाजको समन्वयात्मक भावनालाई कसरी पुनर्स्थापन गर्ने, खस्कँदै गएको राष्ट्रको गरिमालाई कसरी उच्च बनाउने, मौलाउँदो भ्रष्टाचारलाई रोकेर समुन्नत समाजको निर्माण कसरी गर्ने भन्ने कुरामाथि कवि चिन्तित देखिन्छन् । बिग्रेभत्केको सोच, विखण्डन भएको सामाजिक परिवेश, मनमा मौलाउँदै गएको भ्रष्ट आचरण, छिन्नभिन्न अवस्थामा पुगेको संस्कृति, समाज र देशका नेता नेताबिचको लुछाचुँडी र घम्साघम्सी अनि त्यसको फाइदा उठाएर मौलाएको कालाबजारीजस्तो भ्रष्टतन्त्रलाई सुधार गर्नैपर्ने कविको दृढ अभिव्यक्ति उनका कवितामा अभिव्यक्त भएका छन् । 'शान्तिको मन रुन्छ, आँसुमा दुख्छ घाउ, किन ? राष्ट्र नै नाङ्गिएछ, कुर्सी महिमा, बत्तीमा तेल हालौँ, नयाँ नेपाल, मिल्नै पर्दछ आखिर, जुट्तैनौ किन हो, विश्व एक जुट बन्दछ, भाग्नेछन् खलपात्र, चाकडी, अग्रता छिन्न हुन्छ रे' आदि कवितामा कविले देशमा मौलाउँदै गएको विकृत भावना, दश बर्से जनयुद्ध र त्यसपछि नेपाली जनताले भोग्नुपरेका पीडा, देशलाई लुटेर स्वार्थपूर्ति गर्ने कपूतलाई निमिट्यान्न पार्नुपर्ने भाव व्यक्त गरेका छन् । साथै, जन्मभूमिको सुरक्षार्थ प्रत्येक नेपाली जुरुक्क नउठे लामो क्रान्ति र जनताको बलिदानपछि हुर्केबढेको गणतन्त्रको वृक्षमा फलेको अमृतमय फल खान नपाइने भन्दै कवि अधिकारीले सबै नेपाली जनता एक ढिक्का भई निद्राबाट ब्युँझिएर जर्जर अवस्थामा पुगेको देशलाई उत्थानका निम्ति आह्वान गरेका छन् :

उच्चा माथ समस्त विश्वभरमा हाहा गिरायौ किन ?
चौँडा भाव उदार भित्र दिलको सङ्कीर्ण पार्‍यौ किन ?
पुर्खाको पसिना चुकाउन भनी यत्नै गरेनौ किन ?
आमाको मुटु रोपिँदा हृदयमा, छुरी झिकेनौ किन ?

(किन : ५)

रुन्छन् स्यालहरू विरक्त सुरमा बस्ती उजाडीकन
चस्का पस्छ चसक्क घोच्छ मुटुमा झस्कन्छ है यो मन ।
दौँतेरी परराष्ट्र काँ' पुगिसके हामी कहाँ छौँ अझै
हाम्रा सन्तति पार्श्वमा धमिलिए कुन शानले बाँच्नु है

(हाम्रो अहो जीवन : ४)

छिमेकीले कहिले सुस्तामाथि बलात्कार गर्छ, कहिले लिपुलेक काटेर लैजान्छ । प्राकृतिक प्रकोपले ग्रस्त भएका बेला नाकाबन्दी लगाउँछ । छिमेकीप्रतिको सद्भावनापूर्ण व्यवहार उसमा निमिट्यान्न भएको छ । औपचारिकतामा ठिक्क पार्छ तर भित्रभित्रै छुरा धस्छ । मातृभूमि विदेशीको क्रीडास्थल भएको अवस्थामा समेत दलका नेताहरू आपसी कलहमै अल्झेर स्वार्थमै लिप्त छन् । छिमेकीको यस्तो असह्य व्यवहारप्रति अनि नेताको मरन्च्याँसे खेलप्रति असन्तुष्ट हुँदै कविले आक्रोश व्यक्त गरेका छन् । स्वार्थभन्दा राष्ट्र ठुलो भन्दै कविले सङ्कीर्णता,

लोभ, मोह र धृष्टता सबै त्यागी राष्ट्र निर्माणमा जुट्न आग्रह गरेका छन् । अनेक रूपका खलपात्र भएर आर्थिक, सामाजिक, सांस्कृतिक दोहनले खोक्रो बनाइसकेको देशमा योग्य, बहादुर, सक्षम र निःस्वार्थी नेताको खोजी गर्न पनि कवि पछि परेका छैनन् । नेपाली संस्कृति, परम्परा र रीतिरिवाज पूर्वीय आर्य संस्कृतिको परम्पराको जगमा विकास भएको छ । यो संस्कृति नेपाल र नेपालीको पहिचान हो । पूर्वीय सभ्यता-संस्कृतिलाई अनुशरण गर्ने नेपाली समाज आज पश्चिमाहरूको झिलिमिलीमा रमाउन थालेको छ । आफू र आफ्ना पूर्वज, आफ्नो सभ्यता भुलेर पेसाको पछि लागी आफन्त, नातागोता, इष्टमित्र त्यागेर पैसाकै भ्रममा परी पश्चिमा सभ्यतामा रम्न व्यस्त भएको आजको प्रवृत्तिले देशलाई नराम्रोसित भड्खालामा पुऱ्याउन सक्छ । संस्कृतिमै देशको मौलिकता अडेको हुन्छ । सभ्यता र संस्कृति मासिए भने देशको पहिचान हराउँछ । नेपाल र नेपालीको पहिचानको उचाइ भनेको राष्ट्रिय संस्कृति हो । नेपालभित्र विदेशीको ज्यादती, सांस्कृतिक आक्रमण आदि कुरालाई कविले आफ्ना कवितामा उठान गरेका छन् । 'छिमेकी, जुट्तैनौ किन हो, म पूर्वेको मान्छे, लौ भोर भो' आदि कवितामा देशको मौलिक संस्कृति र अन्तर्राष्ट्रिय परिवेशका माध्यमबाट कवि अधिकारीले देशभक्तिको भावना व्यक्त गरेका छन् ।

**३. क्रान्तिकारी चेतना**

मानवमूल्यमा ह्रास ल्याउने सशक्त अस्त्र द्रव्यपिशाची भावना हो । यसै भावनाले मान्छेलाई चाकडीको पराकाष्टामा पुऱ्याउँछ । को आफन्त, को पराइ, देख्नै चाहँदैन । भ्रष्टाचारी प्रवृत्ति मौलाउँछ । सामाजिक, राजनीतिक, सांस्कृतिक र ऐतिहासिक मूल्य र मान्यतामाथि सक्दो प्रहार हुन थाल्छ । हत्या, हिंसा, बलात्कार, लुट, चोरी, डकैती, छलकपट आदि प्रवृत्तिको शासनले समाज र देश आक्रान्त हुन्छ तैपनि तिनबाट द्रव्यमोह हट्दैन । मानव आफूले आफैलाई विनाशको भड्खालातिर धकेलिरहेको छ । सुन्दर प्राकृतिक छटा, चम्किलो घाम, सुन्दर फूल, फूलको वासना आदि जीवनसापेक्ष वस्तु हुँदाहुँदै पनि त्यसलाई नबुझेर आजको मान्छे नकारात्मक दिशातर्फ उन्मुख छ । मान्छे मान्छेको स्तरमा बाँचेको छैन । हराउँदै गएको मानवीय संवेदनशीलताका कारण मान्छेले आफैलाई शोषण गरिरहेको छ । जाली, फटाहा, कालकूट विषले भरिएका स्वार्थीपनले समाज खर्लप्पै खाएको छ । छलकपटरहित स्वच्छता र निर्मल एवम् पवित्र भावना समाजमा बत्ती बालेर खोज्नुपर्ने अवस्था आएको छ । कवि अधिकारीले समाजमा मौलाउँदै गएको यसप्रकारको विकृत परिस्थिति एवम् विसङ्गत अवस्थाप्रति विद्रोह व्यक्त गर्दै क्रान्तिकारी चेतना प्रस्तुत गरेका छन् । ' फाटेका दिल जुटाऔँ, उठून् सारा मान्छे, लोकको आत्मरक्षा, मान्छे हरायो किन, विश्व एक जुट बन्दछ, चाकडी, पौरख, सोच्नुपर्ला कि, ती निर्मला पन्तको, आजको मान्छे, सन्दीप सल्काउने, स्खलित गौरव, मालामाल कमाल, तँ खा' आदि कवितामा कविको क्रान्तिचेत एवम् मानव मूल्यको गिर्दो अवस्थाको चित्रण छ । कविले मानवमूल्य जगाउने सन्देशसमेत आफ्ना कवितामा यसरी प्रस्तुत गरेका छन् :

ढुङ्गो भएको मन मृत्यु हुन्छ
सुक्तै गएको मन भृत्य हुन्छ
विवेकका पङ्ख सबै गुमाई
सकिन्छ बस्नै कसरी रमाई ।

(फाटेका दिल जुटाऊँ : ४)

के रून्छौ जब कर्म धर्म घटिया पारेर बाँचेपछि
भित्रैबाट मनुष्यता थिलथिलो पारेर नाचेपछि
प्यासी हुन्छ आसाध्य मानिस स्वयं घाँटीहरू रेटिँदा
केको सृष्टि बनाउला सुललिता आफू स्वयैं मेटिँदा ।

(मान्छे हरायो किन : ४)

उपयोगी शिक्षाको अभावमा चेतना भएर पनि समाज चेतनाशून्य भएपछि विकृति विसङ्गति मौलाएको कविको धारणा छ । वैदेशिक रोजगारीका निम्ति युवा बिदेसिनाले गाउँ सुनसान छ । वृद्ध मातापिताले संसार छाड्दै गए । परिवार र छोराछारी गाउँ छाडी सहर पसे । बचेखुचेका केही व्यक्तिमा कर्म गर्नुपर्छ भन्ने भावना घट्तै गएकाले कुनै समयका हराभरा खेतबारी अहिले बाँझै छन् । संस्कृति र मानव मन भत्कँदै छ । यस्तो विकराल परिस्थितिमा नेताले भाषण गर्दैमा, कलमवीरले कलम चलाउँदैमा सुतेकाहरू जागा हुन नसकेको भाव कविले प्रस्तुत गरेका छन् :

को सक्छन् मन भाँचिए यदि भने जोड्ने कला ल्याउन
फाली कल्मष भित्र भित्र दिलको धोएर सुद्ध्याउन
कैले शुद्ध हुँदैन हा ! दिल भने धोएर पो हुन्छ के ?
यौटै हुन्न भने समस्त दिलमा छोएर पो हुन्छ के ?

(लेखेर पो हुन्छ के ? : ६)

मान्छे मान्छेमा बढ्दै गएको विभेदको खाडलका कारण दुर्जन र सज्जनबिच हानथाप, द्वन्द्व बढ्दै गएको छ । अत्याचारी, दुराचारी, हत्यारा, भ्रष्टाचारी, कालो धन्दामा निर्लिप्त भएर लाग्ने अहङ्कारी प्रवृत्ति एउटा पक्षमा उभिएको छ भने अर्को छेउमा शान्त, सिधा, साधुपन, सज्जन, इमानदार, मानवसेवी प्रवृत्ति उभिएको छ । एउटै पँधेराको पानी र एउटै भूमिमा उब्जेको अन्न खानेका बिच पनि यति ठुलो भिन्नता देख्दा कवि अचम्ममा परेका छन् र उनी समतामूलक समाजको परिकल्पनामा जुटेका छन् :

सबै देखून् धर्तीभर सकलमा पूर्ण समता
विवेकी सारा हुन् पर र वरमा पूर्ण ममता
अहो हाम्रो धर्ती ! अच्युत अलका स्वर्ग छ यहीँ
कहाँ खोज्ने अर्को परपर अझै स्वर्ग छ यहीँ ।

(आजको मान्छे : १०)

आजको मानवमा एकाकी भावना बढ्दो अवस्थामा छ । आफू मात्र सत्ताभोगमा लागिरहन पाए हुन्थ्यो, आफू मात्र सुविधा भोगमा निर्लिप्त हुन पाए हुन्थ्यो, भन्ने आत्मकेन्द्री भावनाले जरो गाडेको अवस्था छ । तसर्थ उसले आफूबाहेक अरू कसैलाई देख्न छाडिसकेको छ । शक्ति हुनेले अरूको समेत भाग हड्पेर लिइहाल्छन् र मोजमस्तीमा जिन्दगी बिताउन थाल्छन् । निर्धा र कमजोरहरू पछि परेको परेकै गर्छन् । मानवमा हुर्कंदै गएको यस किसिमको प्रवृत्ति अन्त्य भएको कविले देख्न चाहेका छन् । तसर्थ स्वर्गीय आनन्दमय भूमि नेपालमा जन्मेका सबै जनतामा विवेक भरिँदै आओस् र सबै मानवमा समता र ममतापूर्ण भावनाको विकास भयो भने मात्र सबै मानव सुखी हुने छन् भन्ने भाव कविले आफ्ना कवितामा व्यक्त गरेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताका आधारमा हेर्दा पनि उनका कविता उत्कृष्ट देखिन्छन् ।

## ४. आशावादी भावना

कृषिप्रधान देश भनेर परिचित नेपालका गाउँ र गर्खामा रहेका खेतबारी बाँझै छन् भने नेता, मन्त्री, कर्मचारी गमलामा धान रोपेर रोपाइँ दिवस मनाइरहेका हुन्छन् । कृषि, विकासनिर्माण आदि जुनसुकै क्षेत्रमा मौलाएको विकृतिबाट मुक्त हुन आवाज उठाउँदै कविले रातो झन्डा फर्फराउँदै पहाड फुटाएर सम्याउनुपर्ने, रातमा पनि झलमल्ल घाम लागेजस्तै जतातत‍ै विद्युत्को उज्यालोले ढाक्नुपर्ने अत्यन्तै आशावादी र ऊर्जाशील भाव व्यक्त गरेका छन् । कविले भनेका छन् :

रातो फर्फर केतु जोर करले बोकेर त्यो आउला
ढुङ्गाको पहरो फुटाउन सके संसार सम्याउँला ।
सन्ध्या रात रहन्न खुल्छ प्रतिभा चौतर्फी आकाशमा
यौटा सन्दर साँझ घुम्छ जगमा, धोका डुबे भासमा ।

(पहाड सम्याउँला : ८)

बिग्रँदै, ढल्दै र खस्कँदै गएको मानवीय मूल्यको पुनर्स्थापन गरी मानवताको दियो जगाउँदै समाज, देश र विश्व परिवेशमै मानवतावादी भावनाको विकास गर्नुपर्ने भावनासमेत कवि अधिकारीका कवितामा व्यक्त भएको छ । साथै नेपाली समाजबाट हराउँदै गएको सांस्कृतिक चेतना र सांस्कृतिक पहिचानलाई पुनरागमन गराउन कविले आह्वान गरेका छन् । समाजमा मादल घन्कन छाडिसक्यो, कमजोर शिक्षाका कारण जनता बौद्धिक रूपमा पिछडिएका छन् । संस्कृतिको मुहान सुक्न थालेको छ । हामी छिचिमिराझैँ भएका छौँ । कमजोर पखेटाका कारण आफै मासिँदै छौँ । कविले संस्कृति, परम्परा, पहिचान नमासी सक्षम, निडर, सुरम्य परम्पराले भरिएको क्षमतावान् समाज निरन्तरताका निम्ति आग्रह गरेका छन् ।

## ५. सूक्तिमयता

पदलालित्य, भावमय गहनता, सूक्तिमयता, लयात्मकता, वस्तु र भावको अन्तरमिश्रण आदि तत्त्वका कसीले कवित्व शक्तिलाई घोटेर हेर्दा देखा परेको सारतत्त्वले कविको वास्तविक पहिचान दिन्छ । कवि अधिकारीका कवितामा उपर्युक्त सबैखाले तत्त्व एकपछि अर्को गर्दै जागरूक भएर आएका छन् । सूक्तिमयताको उदाहरण :

जो आफ्नो मुटु चिन्दैन त्यो के मानिस हुन्छ र ?
माटो चुम्न नजान्नेले के भित्री दिल छुन्छ र ?

(मुटु हुन्छ सधैँ सिङ्गो : ६)

मान्छे मान्छे भएदेखि स्वर्ग ओर्लन्छ पाउमा
वृत्ति दानवको आए प्यार बल्झिन्छ घाउमा ।

(सोच्नुपर्ला कि : ९)

कवि अधिकारीका कवितामा सूक्तिमयताका यस्ता धेरै उदाहरण पाइन्छन् । आकाशमा चरा उडेझैँ स्वच्छन्द भएर आएको भावनालाई शब्दरूपी फूलका थुँगाको मालाझैँ उनिएर अमृत रस निरन्तर झरिरहोस् भन्ने कविको कवितासम्बन्धी भावना यसरी व्यक्त भएको छ :

फुलून् लाखौँ लाखौँ सबल मनका भावलहरी
उडून् पन्छी राम्रा सुलय गतिमा स्वर्ग नगरी ।
बनोस् भारी वर्षा अमृतरसझैँ काव्यकलना

झरोस् मच्ची मच्ची विरह नबनोस् गीत-झरना ।।

(अमृतरसझैँ काव्यकलना : २)

सिर्जना स्वर्गभन्दा ठुलो छ । स्वर्गीय आनन्द प्राप्त गराउने कविताले विश्वसंसारै हाँकोस् भन्ने कविको भावना यसरी व्यक्त भएको छ :

झटपट मन खोली भित्रको बात बोलूँ
तनहृदय दुवैको सारको बात खोलूँ ।
कवि रविसम रश्मि-तेजले देश ढाकून्
श्रमरत कर कैल्यै सुस्ततामा नथाकून् ।।

(स्वर्गभन्दा बडा छ : १)

वास्तवमा रविले सुवर्णदेखि दुर्गन्धसम्म र महलमेखि झुपडीसम्मका कुनै पनि कुरामा भेदभाव नगरी सबैमा समानताका दृष्टिले बराबरी ताप दिन्छ । अझ सूर्यको तापले दुर्गन्धित वस्तुमा रहेको दुर्गन्ध बिस्तारै विनाश गर्छ र माटामै विलीन बनाइदिन्छ । कविको भावना पनि त्यसै गरी आउनुपर्ने मान्यता कविहरूले नै व्यक्त गरेका हुन्छन् । कवि अधिकारीले पनि आफ्ना कवितामा 'कवि रविसम रश्मि' भनेर कवि र रविलाई समान दृष्टिमा हेरेका छन् ।

## ६. निष्कर्ष

मुक्त छन्दमा भन्दा बद्ध छन्दमा कविता रचना गर्न रुचाउने कवि अधिकारीका यस सङ्ग्रहका सबै कविता पद्य लयमा रचना गरिएका छन् । प्रचलित वर्णमात्रिक छन्दमा देशप्रेम, देशको महिमागान, सांस्कृतिक गौरवको महिमा, प्राकृतिक सौन्दर्यको चित्रणमार्फत मातृभूमिप्रतिको अगाध मायाममता, समाज र देशमा देखा परेका विकृत पक्ष र त्यस्तो विकृति निम्त्याउने नेता, कर्मचारी, व्यापारीलगायत समाजका अगुवाप्रति तिखो व्यङ्ग्यभाव व्यक्त गर्नु कवि अधिकारीका कवितामा पाइने मूलभूत वैशिष्ट्य हुन् । कविले यस सङ्ग्रहमा सत्रओटा छन्द प्रयोग गरेका छन् । शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता, भुजङ्गप्रयात, वसन्ततिलका, उपजाति, पञ्चचामर, मालिनी, स्रग्धरा, अनुष्टुप्, इन्दिरा, वंशस्थ, तोटक, द्रुता वा सुन्दरी, हारिणी, तृणक वा चामर, विलोला कवि अधिकारीले यस सङ्ग्रहमा प्रयोग गरेका छन्द हुन् । यसर्थ उनी समकालीन नेपाली छन्दवादी कवि निर्मोही व्यास, डिल्लीराम अर्याल, रामप्रसाद ज्ञवाली, देवी नेपाल, जगत् उपाध्याय प्रेक्षित्, प्रह्लाद पोखरेल, रमेश खकुरेल, प्रभा भट्टराई, दिव्यलक्ष्मी पोखरेल, कल्पना काफ्ले, धरणीधर गुरागाईं, गणेश मार्मिक आदिको पङ्क्तिमा उभिन पुगेका छन् ।

## सन्दर्भ सूची


अधिकारी, जीवनाथ. (२०५९). **जूनभित्रको आगो**. भक्तपुर : पिङ्गलादेवी अधिकारी ।

अधिकारी, जीवनाथ. (२०७७). **अविदित यात्रा**. भक्तपुर : पिङ्गलादेवी अधिकारी ।

अधिकारी, जीवनाथ. (२०७७). **मास्कले थिचिएको जिन्दगी**. भक्तपुर : पिङ्गलादेवी अधिकारी ।

भण्डारी, जगदीशचन्द्र. (२०५५). **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण**. काठमाडौँ : मुन्नी भण्डारी ।

भण्डारी, जगदीशचन्द्र. (२०६५). **सौन्दर्यको भूमिका**. काठमाडौँ : अखिल नेपाल लेखक संघ ।

लम्साल, शक्ति (२०६३). **मार्क्सवाद, समाजवाद र साहित्य**. काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. ।

समालोचना

# समीक्षा सुकरातको डायरीको

दीपक श्रेष्ठ
(नखिपोट, ललितपुर १४)

गोविन्दराज भट्टराईको कृति **सुकरातको डायरी**का समीक्षाहरू पढ्दा धेरै समीक्षकले सामान्य पाठकले छिचोल्न नसक्ने कृतिका रूपमा चित्रण गरेको पाएँ । मनमा प्रश्न उठ्यो, के साँच्चै गोविन्दराज भट्टराई जसलाई धेरैभन्दा धेरै नवलेखकले आफ्ना नयाँ कृतिको भूमिका लेखिदिन रोज्छन्, आफैचाहिँ धेरैले नबुझ्ने गरी लेख्छन् त ? यस प्रश्नको जवाफ खोज्न एकपटक आफैले पढेर हेरौँ न त भन्ने लाग्यो । साँच्चै, एउटा सामान्य पाठकको हातमा गोविन्दराज भट्टराई (गोराभ) को कृति देख्दा जो कसैले त्यस पाठकलाई असामान्य नजरले हेर्दा रहेछन् । मैले यस कुराको अनुभव गोराभकृत **सुकरातको डायरी** पढ्दा अनुभव गर्न पाएँ । सोही अनुभव र डायरीको अध्ययनपश्चात् मलाई लागेका केही कुरा लेख्दै छु ।

गोराभले सामान्यभन्दा सामान्य पाठक जो नयाँ समयका एक आख्यान सर्जक हुन सक्छन्, उनलाई अघि बढाउनका खातिर आडभरोसा दिने उद्देश्य राखेर यो कृति तयार गरेको देखिन्छ । गोराभले वैशाख १, सोमबार, २०६४ को नयाँ दिनको दैनिकी उतारेर डायरीको शुभारम्भ गरेका छन् । यस्तो सुरुवातले जसरी एउटा व्यक्तिले नयाँ वर्षको नयाँ दिनबाट नयाँ सङ्कल्प लिन्छ, त्यसरी नै एउटा पाठकले आफू कुनै दिन लेखन कार्यलाई अघि बढाउँदै उत्कृष्ट लेखक बन्ने उत्कट इच्छा डायरी लेखनको सुरूआतसँगै अघि बढाउनुपर्छ भन्ने सन्देश दिएको छ । दैनिकी लेख्दा एउटा व्यक्तिले आफ्नो जीवनको हरेक मोडमा घटेका घटनाक्रमलाई उल्लेख गर्न सक्छ र सोही सामग्रीपछि संस्मरण, यात्रा संस्मरण अथवा जीवनी लेखनसम्मका निम्ति उपयोगी हुन सक्छ भन्ने महत्त्वपूर्ण अभिव्यक्ति सुरुवाती पानामा पढ्न सकिन्छ ।

गोराभले उपन्यासको उठानसँगै आफ्नो थिमअनुसार विभिन्न कृतिको नाम र त्यस कृतिको थिम उल्लेख गर्ने क्रममा सुरुमा नै 'अ ब्रिफ हिस्ट्री अब टाइम'लाई अघि सारेका छन् । यसो गरेर उनले समयलाई हेर्ने, बुझ्ने दृष्टिकोण समयसँगै बदलिरहने हुनाले दैनिकी लेखनका बेला हेरेका, देखेका, भोगेका विषयवस्तु पछिका निम्ति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा प्रष्ट पार्न चाहेका छन् । त्यसै गरी गोराभले दर्शनको इतिहास पढ्नैपर्ने मान्यता अघि सार्दै 'सोफिज वर्ल्ड' पढ्नैपर्ने कृति भएको कुरा राखेका छन् । साथै विश्वस्तरका लेखकका कृति अध्ययन गर्नाले धेरै कुराको जानकारी हुने र केही न केही लेखेर समाजमा योगदान पुऱ्याउन सकिने धारणा राखेका छन् ।

हरेकले 'अब यात्रा गर्छु र लेख्छु' भन्ने भावना राखे ऊ भोगाइलाई शब्दचित्रमा उतार्न सक्ने लेखक बन्न सक्छ भन्ने सद्विचार अघि सारेका छन् । जसरी विभिन्न ठाउँको भ्रमण गर्दा त्यहाँको रहनसहन, परम्परा, भाषा, वेषभूषा संस्कृति देख्न र बुझ्न सकिन्छ, त्यसरी नै विभिन्न साहित्यिक, गैरसाहित्यिक कृति अध्ययन गरेर पनि सामाजिक, आर्थिक र वैज्ञानिक दर्शनको ज्ञान आर्जन गर्न सकिन्छ भन्ने प्रष्ट पारेका छन् । गोराभले डायरीमा विभिन्न कृतिका नाम उल्लेख गरिदिएका छन् जसले सो कृति अध्ययन गर्न ऊर्जा मिलेको छ । हरेक कृतिका नामका साथै लेखक, विषयवस्तु उल्लेख गरिदिएर एउटा सच्चा पाठकलाई

निकै सहजता प्रदान गरिदिएका छन् ।
एउटा पाठकले लेखक हुनको निमित्त गर्ने पहिलो प्रयास भनेको आफ्नो अतीतलाई केलाएर ब्युँझाउने कोसिस गर्नु हो । यसो गर्दा उसले आख्यानमा कल्पना र सिर्जनात्मकता मिसाए पनि सत्य र यथार्थ बताउन चुक्न नहुने बोध गराउन गोराभ सफल साबित भएका छन् । गोराभले यो सत्यको उजागर गर्दै विश्वप्रसिद्ध लेखकले आफ्ना जीवनका घटनामा केन्द्रित भएर लेखेका कृतिहरू औँल्याइदिएका छन् । नवलेखकलाई लेख्न प्रेरणा दिएका छन् । चाहेर मात्र हुँदैन, लेखनलाई यथार्थमा बदल्न वास्तवमै आफै लेख्न खोज्नुपर्छ भन्ने कुरालाई डायरीमा अभ्यास दिएर नवलेखकलाई सन्देश दिइएको छ । डायरी पढ्दापढ्दै आउने यस्ता अभ्यासलाई 'प्रयोग'का रूपमा हेर्नेहरूमा स्थापित लेखक समालोचक पर्लान् तर सामान्य पाठकले यसलाई अति संवेदनशील भएर लिएको पाएको छु । वास्तवमा अभ्यासले नै व्यि(क्तलाई लेखनकलामा खरो उतार्न सक्छ ।
त्यसै गरी सन्दर्भग्रन्थ राख्नुको उद्देश्य पनि नवलेखकलाई एउटा आख्यान रचनाकालमा लेखकले धेरै स्रोतसामग्रीहरू पछ्याउनुपर्ने हुन्छ भन्ने आवश्यकता उजागर गर्नु हो । कृति लेखिसकेपछि लेखकले पाठकको हातमा पुऱ्याउँदासम्म केकस्ता परिस्थितिको सामना गर्नुपर्छ भन्ने यथार्थ पनि गोराभले डायरीमार्फत छर्लङ्ग पारेका छन् ।
गोराभले एउटा लेखकले आफ्नो लेखनकालमा जेजस्ता साहित्यिक कृति रचना गर्छन् ती सबैलाई उच्च कोटीको तुल्याउन विषयवस्तु चयनदेखि पात्रको सन्तुलित विकासका साथै पाठक स्वयंले मूल दर्शन पत्ता लगाउन सक्ने हिसाबले कृति तयार गरेको हुनुपर्नेमा जोड दिएका हुन् । साहित्यिक रचना रच्नको निम्ति कल्पनाशक्ति, त्याग, तपस्या र दृढ निश्चय, अठोट, आत्मबलका साथै जीवनलाई हृदयले छुन सक्ने चेतनाले भरिपूर्ण भएको हुनुपर्छ भनेका छन् । गोराभको डायरीको थिमअनुसार सारा कुरा सिकेर आख्यान सिर्जना गर्नाले नै एउटा पाठक उच्च कोटीको लेखक बन्न सक्ने धारणामा सहमत भएको सहर्ष स्वीकार गरेको छु ।
मैले डायरी पढेपछि विभिन्न चरणमा विभिन्न कुरा सिक्दै गएँ । यस्तो प्रकारको कृति प्रथमपटक पढेकोले होला मलाई लेखनकार्यमा लाग्न धेरै प्रेरणा मिलेको छ । मेरा अनेक बुझाइलाई तल बुँदागत रूपमा टिपोट गरेको छु । सायद अन्य पाठकले समेत आख्यान रचनालगायत साहित्यको विविध विधामा कलम चलाउन यस्तै बुझ्ने छन् भन्ने मनमा लिएको छु ।
१. सिर्जना गर्ने र सिर्जना गरेपछि सिक्ने ।
२. उपयुक्त ठाउँमा उपयुक्त शब्दचयन भए कृति पढ्नलायक हुन्छ ।
३. तत्कालीन समय र समाजको चित्रणले लेखनमा महत्त्वपूर्ण स्थान पाउनुपर्छ ।
४. कल्पना शक्ति पनि साहित्य लेखनका निम्ति नभई नहुने गुण हो ।
५. स्रष्टाहरू कालातीतको चिन्तनमा डुबेर बस्नुपर्छ र असामान्य भविष्यद्रष्टा हुनुपर्छ ।
६. लेखक शक्तिशाली निरीक्षक र विश्लेषक हुनुका साथै उसमा समयचेत हुन आवश्यक छ ।
७. कृति लेख्नुअघि किन लेख्ने, केकस्तो सत्य उजागर गर्ने भन्ने निश्चित धारणा बनाउनुपर्छ ।
८. स्रष्टाले पात्रसँग मिसिएर थिम बताउनुहुँदैन, पाठकलाई दर्शन पत्ता लगाउन दिनुपर्छ ।
९. धेरै कुरा हेरेर, पढेर, बुझेर अर्थपूर्ण साधनाका लागि स्रष्टा हरदम तयार रहनुपर्छ ।
१०.साहित्यिक कृतिले मनोरञ्जन, शिक्षा, सन्देशका साथै ज्ञानमा परिवर्तन ल्याउन सक्नुपर्छ ।
अन्त्यमा, गोराभको डायरी पढेपछि हरेक पाठकमा आफू पाठकमा मात्र सीमित नभई लेखक बन्ने सपनालाई यथार्थमा बदल्न र सक्षमता हासिल गर्न दृढ विश्वास पलाउने छ ।

# छोटो यात्रा



टिका न्यौपाने

'ल आउनुहोस् ! कलङ्की, सीतापाइला, स्वयम्भू, नयाँ बसपार्क, नयाँ बसपार्क ... ।'

दैनिक व्यस्तताहरूमध्येको एक दिन, म हतारिएर बसभित्र ठेलिँदै गर्दा कानमा सोझै ठोक्किएका यी आवाजले मेरो ध्यान त्यतातर्फ मोडियो । हुलिया यस्तो थियो :

**उमेर** - अन्दाजी १० वर्ष ।

**उचाइ** - करिब साढे चार फुट ।

**कपडा** - च्यातिएको, महिनौँ नधोइएको ।

**केस** - अगाडि लामो रातोखैरो, पछाडि छोटोकालो र कानमाथि केही लाइनहरू ।

देब्रे हातका चोरी औँलादेखि कान्छी औँलासम्मका नङहरू लामा ।

**सपना** - अनगिन्ती

**भविष्य** - अनिश्चित

बल्खुबाट कलङ्कीतर्फ बस मोडियो । सानो बस करिब तीसबत्तीस मान्छेहरूको भिडले खाँदाखाँद थियो । भिड व्यवस्थित गर्न ऊ 'स्लिङ' गर्दै थियो, 'ओ दाइ यता उभिदिनुहोस्, ओ दिदी उता सरिदिनुहोस्, दुई लाइन भएर बसिदिनुहोस् ... ।'

हातहरू व्यस्त थिए; एउटा बसको डन्डी समात्न र अर्को बसको भित्तामा बजार्न ।

कलङ्की आइपुग्यो । भाडा तिरेर केही हुल यात्रुहरू ओर्लिए भने केहीचाहिँ आफ्नो गन्तव्यमा पुग्न बसभित्र सवार भए । ऊ भने बसभित्रको लाइन मिलाउनमै व्यस्त थियो ।

बसका मोडहरू त सीमित थिए; जिन्दगीका मोडहरू अनगिन्ती थिए उसका । उमङ्गहरूको भारी बोकेर राजधानी छिरेको थियो तर परिस्थितिले उसलाई सहचालकको उपमा दियो । यहाँ उसको जागिर सुरु भयो; एक हातले बसको भित्ता पिट्दै नाभीदेखिको बल निकालेर यात्रु डाक्ने, भाडा उठाउने र बेलुका हरहिसाबसहित बुझाउने । उसलाई कति प्रतिफल आउँथ्यो, थाहा पाउन सकिएन ।

'ओ ... ए ... के हेर्दै छस् ? ढोका लगा, तेरो बाबु उभिरा'छ बाटामा ... चिट काट्ला फेरि ।' सीतापाइलाको उकालोमा सायद ट्राफिक देखेर होला अगाडिबाट अचानक एउटा रूखो आवाज चिच्यायो । यात्रुहरूका लागि त एउटा ड्राइभर थियो तर उसका लागि भने गुरु ।

आज्ञाकारी शिष्यझैँ शरीरलाई केही धकेलेर उसले बसको ढोका लगायो । उसले यस्तै यस्तै रूखा र अश्लील शब्दहरूलाई आफ्नो मानसिक शब्दकोशमा यसरी राखेको छ कि आगामी दिनमा ऊ गुरु बनेर नयाँ चेलालाई यस्तै कुरा सिकाउन सायद पछि पर्दैन ।

अनेक मोड र घुम्तीहरू आउँदै जाँदै थिए । बग्रेल्ती अनुहारहरू छिर्दै र निस्कँदै पनि थिए तर बसभित्र एउटा सानो अनुहार थियो जो आफ्नो वर्तमानको जगेर्ना गर्न व्यस्त थियो ।

बसको ढोकामाथि लेखिएको नारा देखेर म तीनछक्क परेँ । चटक्क पारेर लेखिएको थियो, *'बालश्रमको अन्त्य गरौँ, शोषणविहीन नेपाली समाजको निर्माण गरौँ ।'*

लकडाउन डायरी

# कोरोना कहरको क्रन्दन

रामदयाल राकेश



कोरोना पीडितको उपचारका लागि प्रदेश सरकारले पाँचओटा भेन्टिलेटर दिएकोमा पाँचैओटा काम नलाग्ने भइसकेको स्थितिमा प्रदेश सरकारले दुईओटा भेन्टिलेटर किनेर दिनु सरकारको गरिब मानसिकताको टड्कारो उदाहरण थियो । एउटा प्रादेशिक सरकारले जनताको उपचारका लागि दुईओटा भेन्टिलेटर उपलब्ध गराउनु कतिको लज्जास्पद स्थिति हो । कोरोना पोजेटिभ भएको कोरोना आक्रान्त बिरामीका लागि छिमेकी मुलुकबाट इन्जेक्सन मगाउनुपर्ने स्थितिलाई संवेदनशील मानिसले के भने होलान् । यसको चिन्ता न सङ्घीय सरकारलाई थियो न प्रदेश सरकारलाई । यस्तो स्थितिमा सर्वसाधारण भाग्यभरोसे जिउन अभिसप्त थिए । प्राथमिक उपचारको सुविधासमेत नभएको स्थितिलाई कतिको व्यावहारिक भन्न सकिन्छ । प्रदेश सरकारले एउटा स्तरीय अस्पताल बनाउन नसकेको स्थिति विद्यमान थियो । तीन साल पूरा बितिसकेको थियो तर सरकारले यसतर्फ ध्यान दिन नसकेको स्थिति थियो । प्रत्येक प्रदेश सरकारले सर्वसुविधासम्पन्न एउटा अस्पतालको निर्माण गर्न नसक्नु जघन्य अपराध थियो । पोहोरको अनुभवबाट पनि यी सरकारहरूले केही नसिकेको स्थिति थियो । जनता मरून् कि बाँचुन् ! न सङ्घीय सरकार न प्रादेशिक सरकारलाई मतलब थियो । यस्तो पनि सरकार हुन्छ ? यिनीहरूलाई एउटै कुराको हेक्का छ कि यिनीहरू कोरोनाबाट आक्रान्त भएपछि हेलिकप्टरबाट आएर काठमाडौँमै उपचार गराउन । मानवीय संवेदनाको लेस मात्र पनि मतलब छैन यिनीहरूलाई ।

प्रसिद्ध कवयित्री वानिरा गिरीका शब्दमा महिलाका मानव अधिकारको मर्म पनि यिनीहरूलाई अलिकता पनि थाहा छैन :

कानमायाको मानवाधिकार
तिनै चोला र पेटिकोटबाट उदाउँछ
तिनै मोटा, पेटेभोटो र कानेटोपीहरूमा झुल्कन्छ
मान्छे र मान्छे नै मात्रको इन्द्रेणीमा रङ्गिन्छ ।

तत्कालीन प्रधानमन्त्रीले सत्तासङ्घर्ष र कुर्सीको लडाइँमा तथा सत्तालिप्सामा सबै देशवासीलाई हैरान परेसान गरेर कोरोना पीडितको करूण क्रन्दनलाई पनि नसुनेर मानवताका विरूद्धमा जघन्य अपराध गरिरहेका थिए । देशभरिमा शय्याको अभावमा सयकडौँ मानिस मृत्युको मुखमा बाध्य भएर गइराखेका थिए । सिर्फ उनलाई आफ्नो सत्ता कसरी जोगाउने त्यसको मात्र चिन्ता थियो ।

समाचार जगत्मा कोरोना कहरको कथा दिनहुँ कथिन्थ्यो । संवेदनशील मानिसले समाचारपत्र मात्र होइन हरेक विद्युतीय सञ्चार माध्यमबाट यिनीहरूको कारूणिक दृश्य प्रदर्शित भइराखेको देखेको थियो तर पनि सरकार चैनको बाँसुरी बजाइरहेको थियो । रोम जलिरहेको थियो तर निरो बाँसुरी बजाइराखेका थिए, रमाइलो गरिरहेका थिए, नेपालमा पनि कोरोना कहर स्वयम् नियन्त्रित भइराखेको थियो तर प्रधानमन्त्रीको बेसुरा तालमा देशभरिका जनता

दुःख भोगिराखेका थिए । खोपको पहिलो डोज लिने ज्येष्ठ नागरिकहरू अर्को डोज लिने पर्खाइमा परेसान भइराखेका थिए तर प्रधानमन्त्रीसहित अन्य मन्त्रीहरू दोस्रो खोप लिएर निश्चिन्त भइराखेका थिए । छिमेकी राष्ट्र भारतमा आफै खोपको अभाव थियो । त्यहाँबाट सेरम इन्स्टिच्युटले नेपाललाई हामी खोप दिनमा असमर्थ छौँ किनभने भारतमा नै खोपको खपत अत्यधिक मात्रामा बढिरहेको छ भनेको थियो । विरोधी दलले पनि विदेशमा खोप निर्यात नगर्न चेतावनी दिइरहेको थियो । आम जनता पनि यसको विरोध गरिरहेका थिए । यस्तो स्थितिमा खोप कहाँबाट आउने हो ? सरकारलाई मतलब थिएन । स्वयम् स्वास्थ्य मन्त्रीले एउटा अन्तर्वार्तामा भनेका थिए, फागुन मैन्हा मेरा लागि भाग्यमानी मैन्हा साबित भइराखेको छ तर फागुन बितेपछि हामी वैशाख मैन्हामा जिउनका लागि बाध्य थियौँ तर खोपको खोजखबर लिने कोही थिएनन् । कहिलेकाहीँ त यस्तो लाग्थ्यो, यस देशमा सरकार नै छैन । सर्वसाधारण निराश र हतास मनस्थितिमा दिनानुदिन पुग्दै गइराखेका थिए । मानसिक रोगको सिकार भइराखेका थिए । खाद्यान्न र तरकारीको भाउ बढिराखेको थियो । कालीमाटी तरकारी बजारले साना व्यापारीलाई तरकारी नदिएपछि सर्वसाधारण महँगो र उच्च दरमा तरकारी किनेर खान बाध्य थिए । सस्तो तरकारी किन्ने तरखरमा सर्वसाधारण तरकारीबजारको भिडमा जान तम्तयार भएर खतरा मोल्ने काम गरिराखेको पाउँथ्यौँ तर यिनीहरूलाई केही कुरोको खाँचो भएको महसुस भइराखेको थिएन ।

परोपकारी र मनकारी मानिसले खाते, किनारीकृत र सीमान्तकृत मानिसलाई मुफ्त खाना खुवाइराखेका थिए । यस्तैमा पर्थिन्, कैदीबन्दीका सन्तानलाई आश्रय दिने बन्दी सहायता गृह चलाइरहेकी इन्दिरा मगर । हरेक दिन २ बजे एउटा ट्याक्सी र एउटा सानो ट्रकभरि खानाको प्याकेट बोकेर धाइरहेकी हुन्थिन् । लकडाउनको पहिलो साताातिर दुईतीन सयलाई खाना खुवाए पुग्थ्यो तर पछि पछि त्यो सङ्ख्या बढेर एक हजार नाघिसकेको थियो । त्यति बेला ज्यालामजदुरी गर्नेहरू पनि खानेकुरा खोज्दै सडकमा निस्किन थालिसकेका थिए । दिउँसो थापाथलीको प्रसूतिगृहपछाडिको चउरमा खाना बाँडेर इन्दिरा दरबारमार्ग, ठमेल, ठहिठी र बालाजुसम्म पुग्थिन् । उनी बेसहारालाई खाना खुवाउँदै हिँड्थिन् ।

गत लकडाउनमा काठमाडौँ महानगरपालिकाले ७६ औँ महानगर दिवसका अवसरमा सडक मानवमुक्त बनाउने तीनमहिने अभियान सुरु गरेको थियो । लकडाउन लम्बिँदै जाँदा सडकमा खानाको खोजीमा निस्किनेहरूको सङ्ख्या दिनहुँ बढ्दै थियो । तत्कालीन सरकारले सडक मानवमुक्त घोषणा गरेर यस्तो पावन अभियानलाई अवरूद्ध गरिदिएको थियो । आफ्ना कार्यकर्तालाई पठाएर हप्कीदप्की पनि दिन सुरु गरेका थिए । मानिसलाई खानको समस्याले पिरोलिराखेको थियो । उता उनीहरूलाई सडक फोहोरा होला भन्ने चिन्ता थियो । यस्तो मानवता विरोधी क्रियाकलापमा सरकारी संलग्नता थियो । यसलाई के भन्ने ?

पछिल्लो लकडाउनमा एउटा अनौठो दृश्य देखा पऱ्यो । एउटी मनकारी मधेसी महिला अंशु यादव र उनको समूहले निःशुल्क भोजन उपलब्ध गराएर काठमाडौँका विभिन्न ठाउँमा दुई छाक खाना खुवाइन् । यो समूहले दैनिक करिब चार सय भोका पेटलाई खाना बाँडिरहेको थियो । साँझ ढल्केपछि विभिन्न पाटी, मन्दिर र पुलमुनि बस्नेलाई खोजी खोजी निःशुल्क खाना बाँड्थ्यो । त्यस समूहलाई के महसुस हुन थाल्यो भने जसरी कोरोना सङ्क्रमितको सङ्ख्या बढिराखेको थियो त्यसै गरी भोका पेटहरूको सङ्ख्या पनि दिनदिनै बढिराखेको थियो ।

क्रमशः

# झर्नाछहरा

राजेश मानन्धर



# समाचार

**सम्मान तथा पुरस्कार वितरण**

**काठमाडौँ** । कार्तिकेय ट्रस्ट नेपालद्वारा २५ औँ वार्षिकोत्सवका अवसरमा अध्यक्ष मोहन कार्कीको सभापतित्व, वाङ्मय शताब्दी पुरुष डा. सत्यमोहन जोशीको प्रमुख आतिथ्य, सचिव महेश पौड्यालको स्वागत मन्तव्य र पुरस्कृत र सम्मानित प्रतिभा परिचय, लक्ष्मीराज दहालको नेतृत्वमा कीर्तिका पौडेल, राधिका पौडेल र गोकर्ण तिमल्सिनाको व्यवस्थापन सहयोग र साहित्यकार देबु लुइँटेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा कार्तिकेय बालप्रतिभा पुरस्कार तथा बालसाहित्य लेखक सम्मान समारोह, २०७८ का क्रममा प्रमुख अतिथिले देशमा बालसाहित्य सङ्गठनहरू कमजोर हुनाले बालसाहित्य पछाडि परेको हो भने । मन्तव्यका क्रममा उनले भने, बालबालिकाले असल बालसाहित्य पढ्न पाउनु उनीहरूको अधिकार हो भन्ने कुरामा राज्य त्यति जिम्मोवार देखिएको छैन । बालसाहित्य सङ्गठनहरू पनि सानो सानो समूहमा एक्लाएक्लै सक्रिय हुँदा नेपाली बालसाहित्यले फड्को मार्न नसकेको हो ।

कार्यक्रममा वरिष्ठ बालसाहित्य लेखक सम्मानबाट २०७७ का लागि कल्पना प्रधान, गोपाल पराजुली र २०७८ का लागि रामबाबु सुवेदी र डा. शैलेन्दुप्रकाश नेपाल सम्मानित भए । त्यस्तै उत्कृष्ट समीक्षक सम्मानबाट अरुण नदी खत्री सम्मानित भए । समारोहमा अभिनयमा मयूर बस्नेत, सिर्जना विधामा कर्णसिंह खड्का र आरम्भ अधिकारी, साहसमा मुस्कान खातुन र चित्रकलामा सन्ध्या कार्की पुरस्कृत भए । ट्रस्टले २०७८ का लागि बालसाहित्य प्रवर्धन पत्रकारिता पुरस्कार केटाकेटी अनलाइनका उपसम्पादक सरिता अर्याल र उत्कृष्ट युवा चित्रकार पुरस्कार चित्रकार विनीता बुद्धाचार्यलाई प्रदान गरियो । ट्रस्ट नेपाली बालसाहित्य लेखक कार्तिकेय घिमिरेको लेखकस्वबाट स्थापित छ । यसले हालसम्म एक सय बढी बालप्रतिभा र पचासभन्दा बढी वरिष्ठ लेखक तथा युवा प्रतिभालाई पुरस्कृत र सम्मानित गरिसकेको छ । समारोहमा चन्द्रागिरि नगरपालिका वडा नं. १५, काठमाडौँका वडाअध्यक्ष उत्तमबहादुर राउतले आफ्नो वडामा बालसाहित्य प्रवर्धनका लागि १५ लाखको कोष बनाउने घोषणा गरे । कार्यक्रममा नेसनल ओपन कलेज, सानेपा, ललितपुरका प्रमुख शीतलकुमार कार्की, ब्राइट फ्युचर हाइस्कुल, तीनथाना, नैकाप, काठमाडौँका प्रिन्सिपल दयाराम थापा, क्वेस्ट नेपालका अध्यक्ष एवम् ग्यालेक्सी पब्लिक स्कुलका प्रिन्सिपल सुरिना गुरूङ, काठमाडौँ प्रज्ञाकुञ्ज स्कुलका प्रिन्सिपल सुनिता पौडेल, करेन्ट पब्लिकेसनका निर्देशक किरण गौतम, गुञ्जनका अध्यक्ष जलेश्वरी श्रेष्ठ, होटल मनाङका सञ्चालक गीतकार देवेन्द्र गिरी, प्याब्सनका उपाध्यक्ष दीपिका रिमाल, पुस्तकालय विशेषज्ञ इन्दिरा दली, चाइल्ड केयर क्लबका अध्यक्ष रोज गार्डेन प्रधान, वरिष्ठ साहित्यकारहरू सुशीला देउजा र कविता पराजुलीलगायत विशेष अतिथिका रूपमा सहभागी थिए ।

**'साहित्यमा दृष्टिकोण' विषयक परिचर्चा र विशेष कविगोष्ठी**

**काठमाडौँ** । साहित्य सन्ध्याका **राम विनय**को अध्यक्षता, नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव **प्रा. जगत्प्रसाद उपाध्यायको प्रमुख आतिथ्य,** नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. भीम खतिवडाको विशेष आतिथ्य, पूर्व मन्त्री एवम् साहित्यकार शान्ता मानवी, डा. रमेश शुभेच्छु, वयोवृद्ध स्रष्टा बेनीबहादुर थापा, पारिजात स्मृति केन्द्रका अध्यक्ष स्नेह सायमि, राष्ट्रिय

जनसांस्कृतिक महासङ्घका सल्लाहकार प्रा.डा. बद्रीविशाल पोखरेल, ऐरावती प्रकाशनका अध्यक्ष एवम् साहित्यकार रामदेव पाण्डेय, स्रष्टाहरू डिल्लीराज अर्याल र तारक धिताल, डा. सावित्री श्रेष्ठ, सन्ध्याका सल्लाहकार विधान आचार्यको आतिथ्य, सन्ध्याका उपाध्यक्ष रमेश पोखरेलको प्रविधि व्यवस्थापन तथा सदस्य देबु लुइँटेलको सञ्चालनमा सम्पन्न ४२३ औँ शृङ्खलामा प्रमुख अतिथिले '**साहित्यमा दृष्टिकोण**' विषयक चर्चा निम्नलिखित शब्दमा गरे, साहित्य भनेको हरेक युगका मानवले भोगेका ऐतिहासिक विषयवस्तुलाई उपजीव्य विषयवस्तु बनाएर रसात्मक, लयात्मक, यथार्थपरक एवम् कल्पनाशील लेखन हो । अङ्ग्रेजीमा लिटरेचर भनिने यो शब्द ल्याटिन भाषाको लिटेराबाट आएको मानिन्छ । संसारमा मौखिक वा श्रुति र लेख्य गरी साहित्यका दुई भेद छन् र ऋग्वेदलाई संसारकै ज्येष्ठ साहित्यमा मानिन्छ । साहित्यको श्रुतिपरम्परा मानवसभ्यताको प्रारम्भदेखि नै आएको हो र अहिले हामी लोकसाहित्यका रूपमा स्थापित भएको पाउँछौँ । लिखित साहित्यअन्तर्गत विभिन्न विधा छन् । ती सबैमा कुनै न कुनै दृष्टिकोण आउँछ । यो आफैमा एउटा मत हो, दर्शन हो । बाहिरी ज्ञानेन्द्रियबाट प्राप्त हुने ज्ञानलाई अन्तरइन्द्रियसँग जोडेर भौतिकवादी धारले यो संसारको सृष्टि गतिशील प्राकृतिक नियमानुसार भएको हो । चेतनाले आत्माको रूप धारण गर्दछ । पदार्थ जेठो हो । यसैबाट चेतना विकसित हुन्छ भन्ने दृष्टिकोण प्रतिपादन गरेको छ र यो विज्ञानको कसीमा घोटिएर आएको हुँदा प्रामाणिक पनि छ तर भाववादीहरू संसारको सृष्टि ईश्वरबाट भएको हो, ईश्वरले नै जगत्को निर्माण गरेको हो भन्ने मान्यता राख्छन् तर यो मान्यता प्रयोगशालामा खारिएको र प्रामाणिक होइन । कुनै पनि कुरालाई अध्ययन वा विशलेषण गर्दा कुन कोणबाट हेरिएको छ त्यही दृष्टिकोण हो । जबसम्म चारैतिरबाट हेर्ने दृष्टिकोण बन्दैन तबसम्म प्रामाणिकताको अवस्थामा पुग्दैन । दृष्टिकोण आफैमा पूर्ण दर्शन होइन, दर्शनले साङ्गोपाङ्गो विश्लेषण गर्दछ । दर्शन भनेको समग्र अवलोकन हो । ज्ञानवत्ता र बुद्धिमत्ताको समष्टि नै दर्शन हो भनेर पाश्चात्य विद्वान्ले समेत स्विकारेका छन् । कौटिल्यले कुनै पनि कुरालाई बुझ्न पटक पटक अध्ययन–अवलोकन गरेर प्रमाणित गरेपछि मात्र दर्शन बन्छ भनेका छन् र विभिन्न क्षेत्रमध्ये जीवन र जगत्लाई विभिन्न कोणबाट बुझ्नुपर्छ । यही नै दर्शन हो भन्ने मान्यता अघि सारेका छन् । वास्तवमा चिन्तनशीलता नै दर्शन हो । मनमा पैदा भएका कौतूहललाई प्रामाणिक रूपमा केलाउने र विश्लेषण गर्ने काम दर्शनले गर्छ । दृष्टिकोणविनाको अध्ययनले सुस्पष्टता होइन अलमल पैदा गर्छ । मानवको अन्तस्चेतना स्वस्थ भयो भने मात्र स्वस्थ दृष्टिकोण विकसित हुन्छ । आनन्द व्यक्तिगत मात्र होइन समाजका लागि हुनुपर्दछ । धर्म, अर्थ, काम र मोक्ष पनि प्रयोजनपरक हुनुपर्छ । कला कलाका लागि हो भन्ने मान्यता आफैमा सत्य होइन । शून्यको वकालत गर्नेले वस्तुको द्वन्द्वात्मक अवस्थालाई बुझेको हुँदैन । स्रष्टाले जीवन र जगत्लाई बुझेको हुन्छ तर उसले समाजप्रतिको दायित्वबोध गर्नुपर्छ । मान्छेको ध्यानलाई भक्तिमा केन्द्रित गर्ने र अन्धविश्वासको पक्षमा उभ्याउने मात्र काम गऱ्यो भने अध्यात्मवाद सही हुन सक्तैन । समन्वयवाद पनि अवस्था हेरेर मात्र काम लाग्छ । स्रष्टाले सिर्जनामा वस्तुयथार्थका अलावा मानवीय आवश्यकता र चाहनासमेत समेटिने गरी स्पष्ट दृष्टिकोणका साथ आफूलाई प्रस्तुत गर्नु आवश्यक छ । स्रष्टा आफैमा दार्शनिक हो तर फूल फूलै हो, काँडा काँडै हो, एउटै होइन भन्ने स्पष्टता आवश्यक छ; भ्रान्ति सत्य हुन सक्तैन । जीवन र जगत्को साक्षात्कार गर्ने अनि त्यसलाई अन्तरघुलन गरेर अभिव्यक्त गरिने सिर्जना मात्र उत्कृष्ट हुन्छ । विभेद

र हेलाहोचो जनाउने शब्दचयन गरिनुहुन्न, अध्यात्मवादका राम्रा कुरालाई ग्रहण गर्नुपर्छ र समाज बदल्न राम्रो चरित्रको प्रदर्शन गर्दै नकारात्मक कुराको विरोध गर्नुपर्छ । दृष्टिकोण निर्माणका लागि स्रष्टाले दर्शन पढ्नु आवश्यक छ ।

गोष्ठीमा तारा गाउँले, बेनीबहादुर थापा, डम्बर पहाडी, गोपालकुमार मैनाली, महेशराज खरेल, खेमराज निरौला, खगेन्द्र दाहाल, दिव्यलक्ष्मी पोखरेल, विन्दु अधिकारी, गोपाल नेपाल, उर्मिला पन्त पाण्डेय, तारक धिताल, गीता सापकोटा, दुर्गा नेपाली, गोमा कटुवाल, गणेश मार्मिक घिमिरे, यशोदाकुमारी दाहाल र राम विनयद्वारा वाचित रचनाउपर डा. शुभेच्छुले टिप्पणी गरे ।

रमेश पोखरेल

**ऐलानी घाम विमोचित**

**काठमाडौँ** । नागार्जुन साहित्यिक प्रतिष्ठानद्वारा अध्यक्ष प्रकाश सिलवालको सभापतित्व, नेप्रप्रका कुलपति गङ्गाप्रसाद उप्रेतीको प्रमुख आतिथ्य र यशोधा अधिकारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा साहित्यकार दिल पौडेलको आठौँ कृति हाइकुसङ्ग्रह **ऐलानी घाम**को विमोचन गरिएको छ । कार्यक्रममा कुलपति उप्रेतीले कोरोनाको महामारी फैलिएपछिको बन्दाबन्दीका समयमा लेखक पौडेलले समयको सदुपयोग गर्दै प्रतिभा प्रस्फुरण गरेर कृतिको सिर्जना गरेकामा खुसी व्यक्त गरे । कुलपतिले नयाँ नयाँ प्रयोग गर्दै लेखकले हाइकुमा फरक पहिचान कायम गर्न कोसिस गरेको बताए । प्रतिष्ठानका सदस्यसचिव प्रा. जगत्प्रसाद उपाध्यायले साहित्यकार पौडेलले प्रकृति, जीवन र समयसापेक्षतालाई आत्मसात् गरेर व्यङ्ग्यप्रधान हाइकुको सङ्ग्रह प्रकाशन गरेको बताए । समालोचक प्रा.डा. रामप्रसाद ज्ञवालीले लघुतम विषयमा लेखक र पाठकको आकर्षण देखिएका बेला उक्त कृति बजारमा आएको भन्दै स्रष्टाले जटिल नभई सरल तथा सम्प्रेषणीय शैलीमा सिर्जना गर्नुपर्ने बताए । अर्का समालोचक डा. यज्ञेश्वर निरौलाले जापानी साहित्यबाट आएको हाइकुलाई नेपालमा स्थापित गराउने क्रममा प्रस्तुत कृति महत्त्वपूर्ण हुने बताए । प्रतिष्ठानका अध्यक्ष सिलवालले हाइकुमा विज्ञसहित संगोष्ठी र प्रशिक्षणमूलक कार्यक्रम सञ्चालन गरिने योजना सुनाएको उक्त कार्यक्रममा साहित्यकार डा. दामोदर पुडासैनी, महेश प्रसाईं, डा. कृष्णप्रसाद दाहाल, निजामती कर्मचारी सङ्गठन, आधिकारिक ट्रेड युनियनका पूर्वअध्यक्ष पुण्यप्रसाद ढकाललगायतले पौडेलको कृतित्व र व्यक्तित्वबारे प्रकाश पारे भने सुमिता पौडेल, माधव निर्दोष, डिजे पौडेल र युवराज नास्तिकले हाइकु र गीत प्रस्तुत गरे । २०० पृष्ठको कृतिमा १,५१५ हाइकु र ५६३ सेन्यु गरी २,०७८ रचना छन् । कृतिमा एउटै अक्षरबाट सुरु भएका करिब २०० हाइकु र सांस्कृतिक शब्दबाट बनेका केही हाइकु उच्च स्तरका छन् भन्दै छोटो रचना हाइकुले एटम बमको प्रहार बराबरको अर्थ सामर्थ्य बोक्न सक्ने तर्क विज्ञहरूले प्रस्तुत गरे ।

**लेखनाथमा तीन कृति विमोचित**

**चन्द्रगढी, झापा** । लेखनाथ पुस्तकालयका सभापति नवराज घिमिरेको सभापतित्व, भाषाविद् चूडामणि रेग्मीको प्रमुख आतिथ्य, सुशेली साहित्यिक परिवारका अध्यक्ष एवम् आख्यानकार पुण्यप्रसाद खरेल, रुद्र गौरी श्री अम्बिका ओली स्मृति प्रतिष्ठान झापाका अध्यक्ष गङ्गाप्रसाद ओली, प्रगतिशील लेखक सङ्घ झापाका अध्यक्ष एवम् आख्यानकार राजेन्द्र सङ्ग्रौलाको आतिथ्य, पुस्तकालयका उपसभापति आरती पोखरेलको स्वागत मन्तव्य र पुस्तकालयका सल्लाहकार देवीचरण भण्डारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा प्राध्यापक डाक्टर केआर खम्बुको **हिँडाइ र भोगाइ** (यात्रा संस्मरण), सहप्राध्यापक होम सुवेदीको **नाग शय्या**

(संस्मरणात्मक निबन्ध) र हरिप्रसाद न्यौपानेको **रित्तिएका आँसु** (सामाजिक काव्य) को विमोचन गरियो । विमोचित कृतिमध्ये पहिलोको चूडामणि वशिष्ठ, दोस्रोको डा. ठाकुरप्रसाद पोखरेल र तेस्रोको जीवनाथ सुवेदीले समीक्षा गरे । कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथिलगायत त्रिफला राष्ट्रिय पुस्तकालयका सभापति प्रेमप्रकाश फलाहारी, साहित्य सेवा कोषका अध्यक्ष जयन्द्र प्रसाईं, प्राध्यापक डाक्टर गङ्गाप्रसाद अधिकारी, गोपिकृष्ण प्रसाईं, चन्द्रगढी वन उपभोक्ता समूहका निर्वतमान अध्यक्ष हिराप्रसाद पोखरेलले शुभकामना मन्तव्य राखे । कृतिकारहरूको प्रतिनिधित्व गर्दै होम सुवेदीले लेखकीय मन्तव्य राखे । कार्यक्रममा मीना अधिकारी, लक्ष्मीअच्युत ढुङ्गाना, गीता सुवेदी नेपाल, टीका भट्टराई नेपाल र तुलसीप्रसाद भट्टराईले कविता, गजल तथा मुक्तक वाचन गरे ।

झापामा दमक साहित्य कला सङ्गम, दमक प्रज्ञा प्रतिष्ठान, सुरूङ्गामा कनकाई प्रतिभा प्रतिष्ठान, बिर्तामोडमा साहित्य चौतारी, जयन्द्र प्रसाईं साहित्य सेवा कोष, झापाली साहित्य समाज, मेचीनगर धुलावारीमा त्रिफला राष्ट्रिय पुस्तकालय, सुगन्ध प्रकाशन, काकरभिट्टामा भानु साहित्य प्रतिष्ठान, सुशेली साहित्यिक परिवार, चन्द्रगढीमा लेखनाथ पुस्तकालय, डाइनामिक ग्रुप नेपाल भद्रपुर १०, वर्तमान साहित्य प्रतिष्ठान, देवकोटा स्मृति भवन, देवकोटा स्मारक संरक्षण समिति देवकोटा चोक लगायतका साहित्यिक सङ्घसंस्थाहरू साहित्यिक गतिविधिमा क्रियाशील छन् ।

**पुस्तक लोकार्पण**

**काठमाडौँ** । सुरभि साहित्य प्रतिष्ठानको आयोजना, अध्यक्ष बाजुराम पौडेलको सभापतित्व, इतिहासविद् एवम् प्राज्ञ दिनेशराज पन्तको प्रमुख आतिथ्य, विजय चालिसे, हरिभक्त सिग्देल, महेश प्रसाईं, युवराज मैनाली, नरेन्द्रराज पौडेल, लीला लुइँटेल, प्रा.डा. खेम कोइराला बन्धु, टीकाराम यात्री, प्रा.डा. तुलप्रसाद कोइराला, दार्शनिक तथा योगसाधक डा. चिन्तामणि योगी, प्रह्लाद पोखरेल आदिको आतिथ्य, कोषाध्यक्ष रामकुमार पण्डितको स्वागत मन्तव्य र सचिव अच्युत घिमिरेको सञ्चालनमा सम्पन्न कार्यक्रममा पूर्व सचिव गोपी मैनालीबाट लिखित निबन्धसङ्ग्रह **घाउ आफैलाई दुख्छ** लोकार्पण गरियो ।

**आख्यान वाचन**

**काठमाडौँ ।** सुरभि साहित्य प्रतिष्ठानका अध्यक्ष बाजुराम पौडेलको सभापतित्व, साहित्यकार कणाद महर्षिको प्रमुख आतिथ्य, युवराज मैनालीको विशिष्ट आतिथ्य प्रह्लाद चालिसेको आतिथ्य र सहसचिव मेनका आचार्यको सञ्चालनमा सम्पन्न प्रतिष्ठानको १३२ औँ आख्यान वाचनमा सुशील आचार्य, रामकुमार पण्डित, रन्जु खनाल, रन्जना पराजुली, अच्युत घिमिरे, विश्व कुइँकेल, युवराज मैनाली, कणाद महर्षि, रामचन्द्र खतिवडा, सुरेश सुवेदी, प्रमोद प्याकुरेलबाट वाचित रचनाउपर सदस्य प्रमोद प्याकुरेलबाट समीक्षा गरियो ।

समाचार सम्प्रेषण : पण्डित रामकुमार

**आगामी आकर्षण**

कृष्ण प्रधान, राम विनय, छायादत्त न्यौपाने, विश्व सिग्देल, उद्धवगोपाल श्रेष्ठ, अशोक रोक्का, सञ्जय सुमन, डा. शेखरकुमार श्रेष्ठ, सन्तोष रावत, नन्दलाल आचार्य, अरविन्दकुमार यादव 'कवि', कमल सिलवाल, विमल खतिवडा माइला आदि ।

## शब्दाङ्कुर पाइने स्थानहरू

| | |
|---|---|
| नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ | - ९८४३५७१८८२ |
| निरौला बुक्स, कोटेश्वर, काठमाडौँ | - ९८५११-७८६१४ |
| श्रेष्ठ बुक एन्ड न्युज सेन्टर, दमक, झापा | - ०२३-५८४१२५ |
| भट्टराई पुस्तक पसल, विराटनगर, मोरङ | - ०२१-५२४२४३ |
| मुनाल पुस्तक भण्डार, गाईघाट, उदयपुर | - ०३५-४२०८६४ |
| न्यु परजुना स्टेसनरी, सिन्धुली | - ०४७-५२००२५ |
| नारायणी पुस्तक सदन, नारायणगढ, चितवन | - ०५६-५२१२८० |
| सुनगाभा बुक्स एण्ड स्टेसनरी, भरतपुर, चितवन | - ०५६-५३१४७० |
| कञ्चन पुस्तक पसल, पोखरा, कास्की | - ०६१-५२४४६६ |
| सिटी बुक एन्ड न्युज सेन्टर, बुटवल, रुपन्देही | - ०७१-५४५२३६ |
| न्यु प्रभात पुस्तक पसल, सुर्खेत | - ०८३-५२००७५ |
| विपिन पुस्तक पसल, महेन्द्रनगर, कञ्चनपुर | - ०९९-५२०१४८ |

## महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

### सुरक्षा/दमकल/सोधपुछ
प्रहरी कन्ट्रोल १००/दमकल १०१/ट्राफिक १०३/बाल बालिका खोजी १०४/आकस्मिक प्रहरी सेवा ४२२६९९९/सोधपुछ १९७

### हेलो सरकार
११११/४२११०८७/1111@nepal.gov.np

### एम्बुलेन्स
नेपाल १०२/शिक्षण, सिनामङ्गल ४४७६१५२/शिक्षण, जोरपाटी ४९११००८/कान्तिपुर, तिनकुने ४१११९५७/८५८/नर्भिक, थापाथली ४२५८५५४/४२१८२३०/शान्ताभवन ४४७०१८१/अर्थोपेडिक ४९११७२५/२७४/गङ्गालाल ४३७१३२२/७४/लाइफ केयर ४२२७७३५/मितेरी ६६३१७३६/४०१६/क्यापिटल ४२४४०२२/वेलकेयर ४४२६१८४/सुमेरु ५००३३८८/५००३३९९/परोपकार ४२६०८९१/विशालबजार ४२४४१२१/रेडक्रस ४२२८०९४, ५५४५६६६/६६१२२६६

### शव वाहन
चेम्बर ४२३०२१३/पशुपति आर्यघाट ४४९२९९९/देव कर्नर ४४३४०९३

### अस्पताल
वीर ४२२१९८८/त्रिवि शिक्षण ४४१२७०७/प्रसूति गृह ४२५३२७७/पाटन ५५२२२७८/भक्तपुर ६६१०६७६/मानसिक ५५२२२७८/कान्ति बाल ४४२७४५२/टेकु ४२५३३९६/निजामती कर्मचारी ४१०७०००/०२/वीरेन्द्र सैनिक ४२७१९४०/४१/नेपाल प्रहरी ४४१२४३०/५३०/नेपाल आँखा ४२५०६९१/तिलगङ्गा आँखा ४२६१२५९/

### शिक्षण कलेज
बिपी, धरान ०२५-५२५५५५/नोबेल, विराटनगर ०२१-४६०७३६/४६१७३५/केयु, काभ्रे ०११-४९०४९७/नेपाल, जोरपाटी ४९११००८/काठमाडौँ, सिनामङ्गल ४४६९०६४/४४७६१५२/नेपाली सेना ०१-४८८१२५९/नेसनल ४२३०७१०/किस्ट ५२०१६८२/पाटन ५५४५११२/१५३/जानकी ०४१-६२०२०२/५२०२०६/नेसनल, वीरगन्ज ०५१-५३२२६०/५२४३२०/साइन्स, चितवन ०५६-५२४२०३/चितवन०५६-५३२९३३/मनिपाल, पोखरा ०६१-५२६४१६/१७/१८/१९/गण्डकी ०६१-५३८५५९५/४६५७/लुम्बिनी ०७५-४११२०१/२/युनिभर्सल, भैरहवा ०७१-५०६१२१/३८/नेपालगन्ज ०८१-५२१५७२/५२३१८२/

# जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं :

- तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**नेपाल सरकार**

## विज्ञापन बोर्ड

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |